वर्ष : १६, अंक : ४९, काठमाडौं, २०७७ चैत १३ गते शुक्रबार, 26 March 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## रेशमको रिहाइबारे वार्ता टोली बनाएर आउन आग्रह



काठमाडौं । निलम्बित सांसद रेशम चौधरीलाई रिहा गर्न माग गर्दै धर्नामा बसेका थारू अगुवालाई भेट्न गृहमन्त्री रामबहादुर थापा 'बादल' बिहीबार माइतीघर मण्डला पुगेका छन् । थारू कल्याणकारिणी सभाको अगुवाईमा बसेको धर्नास्थलमा पुगेका गृहमन्त्री थापाले रेशमको रिहाइबारे छलफल गर्न वार्ता टोली बनाएर आउन आग्रह गरेका छन् ।

थारू कल्याणकारिणी सभाका महामन्त्री प्रेमीलाल चौधरीले भने, 'माननीय रेशम चौधरीको रिहाइका लागि गृहमन्त्रीज्यूले वार्ता टोली बनाएर आउन भन्नुभएको छ । साथै प्रधानमन्त्रीसँग पनि कुरा गरेर क्याबिनेटमा लैजान्छु भन्नुभएको छ ।'

उनले चाँडै नै रेशम चौधरीको रिहाइको लागि थारू कल्याणकारिणि सभा, थारू अगुवाहरूको नेतृत्व गरेर सरकारसँग वार्ता टोली बनाउने समेत बताए ।

थारू कल्याणकारिणी सभाले २०७२ सालमा भएको टीकापुर घटनामा फौजदारी मुद्दा लागेकाहरूको मुद्दा फिर्ता र दोषी ठहर भई जेलमा रहेकाहरूको रिहाइको माग गर्दै आइतबारदेखि धर्ना दिएका हुन् ।

प्रदेश विभाजनमा असन्तुष्ट थारू समुदायको आन्दोलनका क्रममा ७ भदौ २०७२ मा टीकापुरमा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ९ जनाको मृत्यु भएको थियो । घटनाको योजनाकार भएको भन्दै जिल्ला अदालत कैलालीले चौधरीलाई जन्मकैदको सजाय सुनाएको थियो, जसलाई उच्च अदालतल दिपायलले सदर गरेको छ ।

हाल डिल्लीबजार कारागारमा रहेका चौधरीलाई रिहा गर्न माग गर्दै थारू समुदायको अगुवा संस्था थारू कल्याणकारिणी सभाले भने आन्दोलन गर्दै आएको छ । धर्नामा बसेका सभाका महामन्त्री प्रेमीलाल चौधरीले टीकापुर घटना राजनीतिक मुद्दा भएकाले यसलाई फौजदारी मुद्दाको व्यवहार गर्नु नहुने बताए ।

# जसपाको सिंहदरबार प्रवेश लगभग निश्चित

## रेशम चौधरीलाई 'बार्गेनिङ्ग टुल' बनाएर हुँदैछ सत्तारोहण

मधेशवाणी डेस्क

काठमाडौं । सत्ता समीकरणमा महत्वपूर्ण शक्ति मानिएको संसदको चौथो ठूलो दल जसपा प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारमा सहभागि हुने लगभग निश्चित भएको छ । प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीसँग सिधा वार्ता गरेका जसपाका शीर्ष नेताहरू पार्टीले उठाउँदै आएको मागमा सरकार सकारात्मक बने एमालेसँग सहकार्य गर्न राजी भएका हुन ।

यता जसपाको माग पूरा गर्न सरकारले गृहकार्य पनि अघि बढाएको छ । जसपा नेता राजेन्द्र महतोका अनुसार प्रधानमन्त्रीसँग माग कसरी र कुन प्रक्रियाबाट पूरा गर्ने भन्ने विषयमा छलफल भएको जनाए ।

जसपाका अन्य भागभन्दा रेशम चौधरीको रिहाइ मुख्य रहेको छ । चौधरीको रिहाईलाई जसपाले मुख्य शर्तको रूपमा तेर्साएको छ । यदि चौधरीको रिहाइ सुनिश्चित भए वा रिहा नै भए जसपालाई सरकारमा सहभागी हुन कुनै बाधा रहने छैन ।

प्रधानमन्त्रीले जसपाका नेताहरूलाई सरकारमा सहभागी हुन आग्रह गर्दै आएका छन् भने जसपाले भने माग पूरा भएपछि मात्रै सरकारमा सहभागी हुने भन्दै आएको छ ।'प्रधानमन्त्रीले सरकारमा आउनुहोस्, तपाईंहरूले उठाएका माग पूरा गर्छु भन्नुभयो', महतोले भने, 'तर हामीले माग पूरा गर्नुभयो भने मात्र सरकारमा सहभागी हुने विषयमा छलफल गर्छौं भन्यौं ।'

जसपा सरकारमा सहभागी भएमा महत्वपूर्ण आठदेखि १० मन्त्रालय दिन प्रधानमन्त्री तयार छन् । तर यसविषयमा दुवै पक्षबीच कुराकानी भएको छैन ।

जसपाले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, रेशम चौधरीको रिहाइका लागि वातावरण बनाउनुपर्ने, मधेश आन्दोलनका क्रममा



लगाइएका झुटा मुद्दा खारेज गर्नुपर्ने, घाइतेहरूको उपचार गर्नुपर्ने तथा संविधान संशोधनको माग राख्दै आएको छ ।

### सहमतिउन्मूख वातावरण

दुई पक्षबीच पछिल्लो चरण भएका वार्ता सहमतिउन्मूख रहेको र सो प्रक्रिया निकै अघि बढेको दुवै पक्षका नेताहरूको दाबी छ । उनीहरूका अनुसार घटनाक्रमले थप नयाँ मोड नलिएमा प्रधानमन्त्री ओली र जसपाबीच सहमति हुनसक्ने सम्भावना प्रबल बन्दै गएको छ ।

नेपाली कांग्रेसले नयाँ सरकार गठनको विषयमा पहल नगरेपछि जसपाका अध्यक्ष महन्थ ठाकुरसहितका केही नेताहरू ओली सरकारमै सहभागी भएर आफ्ना माग पूरा गराउने निचोडमा पुगेका छन् ।

प्रधानमन्त्री ओलीबिरूद्ध अविश्वासको प्रस्ताव ल्याएर नयाँ सरकार बनाउन लागिपरेको जसपा कांग्रेसकै कारण ओलीसँग मिल्ने अवस्थामा पुगेको बताइएको छ ।

'जसले माग पूरा गर्छ, जसपा त्यही सरकारमा जाने पार्टीको आन्तरिक सहमति नै हो,' जसपाका नेता लक्ष्मणलाल कर्णले भने, 'माग पूरा गऱ्यो भने सहकार्य गर्न सकिन्छ ।' मधेशवाणीसँगको कुरमा कर्णले भने, ' अहिले हामीले सत्ता सहकार्यको बारेमा कुरै गरेका छैनौं । हाम्रो माग पूरा भएपछि नै सत्ता सहकार्यबारे सोच्छौं । तर सरकारको तर्फबाट हामीलाई प्रस्ताव आउँछ कि सहकार्य गर्नुस्, काम गर्छौं, तपाइँहरू पनि हामीलाई सहयोग गर्नुस् । तर हामीले पहिले काम होस् त्यसपछि सहकार्य हुन्छ भनिरहेका छौं ।' उनले ओली सरकारले आफ्नो माग पूरा गरे जसपाले पनि सहयोग गर्ने प्रष्ट पारे ।

जसपाका नेताहरूकाअनुसार संसदमा रहेको नागरिकता विधेयक पास गर्ने, मधेश र थरूहट आन्दोलनका बेला नेता कार्यकर्तामाथि लागेका मुद्दा फिर्ता लिने, रेशम चौधरीको रिहाई गर्ने, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने र संविधान संशोधन गर्न कार्यदल बनाउने हो भने जसपा सरकारमा नजाने कुरै छैन ।

जसपाभित्रै फरकफरक नेताहरूको भिन्नभिन्न धारणा आइरहेको र सो पार्टीभित्रको आन्तरिक समीकरण पनि छिटो छिटो परिवर्तन भएको हुँदा यसै नै हुन्छ भन्ने ठोकुवा गर्न भने कठीन रहेको केही नेताहरूको धारणा छ ।

जसपाका संघीय परिषद् अध्यक्ष डा.

बाँकी अन्तिम पृष्ठमा

## रेशम चौधरीको प्रेस नोट र गीत



काठमाडौं । डिल्लीबजारस्थित जेलमा रहेका जसपाका सांसद रेशम चौधरीले पार्टीले गर्ने निर्णय आफ्ना लागि शीरोधार्य हुने बताएका छन् । बिहीबार एक प्रेस नोट जारी गर्दै उनले पार्टीले गर्ने निर्णयमा आफू बाधक बन्ने कुरा कल्पनासमेत गर्न नसकिने बताएका हुन् । संक्षिप्त प्रेस नोटमा उनले भनेका छन्- 'सरकारमा सहभागी हुने नहुने निर्णय मेरो एकल

बाँकी अन्तिम पृष्ठमा

## ओलीलाई विदा गर्न ढिलाइ भएन र ? : डा.भट्टराई



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका संघीय परिषद अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले ओली सरकारलाई विदागर्न ढिलाइ गर्नु प्रतिपक्षको धर्म अनुकुल नभएको जनाएका छन् ।

विहीबार सामाजिक संजालमार्फत डा.भट्टराईले अहिले असवैधानिक ढंगले संसद विघटनमा असफल भएपछि ओली सरकार पुनः प्रपञ्च गरिरहेको उनको बुझाइ छ ।

उनले लेखेका छन्,'बहुदलीय लोकतन्त्रमा प्रतिपक्षी दल भनेकै सत्तापक्षलाई निरन्तर खबरदारी गर्ने, कुनै पनि वेला वैकल्पिक सरकार दिन वा नयकका निर्वाचनमा जान तयार रहने हो । अहिले असंवैधानिक ढंगले संसद विघटनमा असफल भएपछि पुनःनयकका प्रपञ्च गरिरहेको ओली सरकारलाई विदा गर्न ढिलाइगर्नु प्रतिपक्षको धर्म अनुकुल भएन है ।'

## प्रदेश प्रमुख डा.अहिराजद्वारा 'मधेश मन्थन' अभियानको थालनी

जनकपुरधाम । प्रदेश २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले टुकी (लाल्टिन) बालेर 'मधेश मन्थन' अभियान थालेका छन् । उनले सांकेतिकरूपमा लाल्टेन बालेर जनकपुरधामका नागरिक समाजका अगुवाहरूसँग भेटघाट गरेका छन् । बिहीबार प्रदेश प्रमुखको कार्यालयमा बुद्धिजीबीहरूसँग सामूहिक भेटघाट गरेका हुन् । भेटघाटमा प्रमुखले समाज र देशलाई सकारात्मक परिवर्तनका लागि विशेष भूमिका खेल्न नागरिक समाजलाई अपिल गरेका छन् । त्यस्तै, नागरिक समाजका अगुवाहरूले "मधेश मन्थन" कार्यक्रमको निरन्तरताको खाँचो रहेको बताउँदै भेट्ने अवसर पाएकोमा खुसी व्यक्त गरेका थिए । उनले नागरिकले अधिकारको कुरा गर्नु अघि दायित्व को कुरा सम्झिने जरूरी रहेको बताए । नागरिक अगुवाहरूले समाज र देशलाई सकारात्मक परिवर्तनका लागि विशेष भूमिका खेल्न जरूरी रहेको कुरा प्रदेश प्रमुख डा. अहिराजले बताए । प्रदेश प्रमुखको पद सेरोमोनियल भएपनि नियुक्ति पाएर आइसकेपछि जनतासँग प्रत्यक्ष जोडिने काम छन् ।

प्रदेश प्रमुख डा.अहिराजको एकमहिने कार्यकाल पृष्ठ ४ मा




## सामाजिक क्रान्ति अझै आवश्यक : यादव



काठमाडौं । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले विभिन्न कारणले विभेद र अधिकार वञ्चितिकरणमा पारिएका समुदायको अधिकारका लागि सामाजिक क्रान्ति गर्नुपर्ने आवश्यकत्ता औंल्याएका छन् । ५६औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा संयुक्त राजनीतिक दलित संघर्ष समिति, दलित गैरसरकारी संस्था महासंघ, संयुक्त दलित जातीय संघर्ष समिति, जातिभेदविरूद्ध विश्व मञ्च र युथ एड्भोकेसी नेपालले काठमाडौंमा आयोजना कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले यस्तो बताएका हुन् ।

पूर्व उपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले संविधानमा लेखिएका हक र अधिकारका विषयसमेत सरकारले कार्यान्वयन नगर्नु दुःखद भएको गुनासो पोखेका छन् । उनले भनेका छन्,'हाम्रो देशमा थुप्रै राजनीतिक परिवर्तन भए, राजनीतिक क्रान्ति भए, तर ती आन्दोलन र क्रान्तिले सामाजिक परिवर्तन ल्याउन सकेन, त्यसैले अब अझै एकपटक सामाजिक क्रान्तिको आवश्यकता छ ।'



**माग पूरा गऱ्यो भने सहकार्य गर्न सकिन्छ, एक हातले ताली बज्दैन**

**: लक्ष्मण लाल कर्ण**

अन्तर्वार्ता पृष्ठ ३ मा

## समय-सन्दर्भ

# लोप हुँदैछ 'जोगिरा सरररर...'

'जोगिरा सरररर...
कौन तालपर ढोलक बाजे, कौन ताल मृदङ्ग
कौन तालपर गौरिया नाचे, कौन तालपर हम
जोगिरा सरररर...'

तराई-मधेशमा प्रचलित फागु पूर्णिमा अर्थात् होलीमा गाइने मौलिक गीत 'जोगिरा सररर' लोप हुँदै गएको छ । यो मौलिक गीत मधेशका शहर र गाउँ देहातमा होलीका बेला गाइने प्रचलित गीत हो तर आधुनिक आगन्तुक संस्कृतिको प्रभाव बढेसँगै यो मौलिक गीत हराउँदै गएको छ । फागु आउन १५ दिनअघिदेखि धनुषासहित तराई-मधेशमा गुञ्जिने गीतहरू अहिले सुनिन छाडेका छन् ।

धनुषा क्षीरेश्वरनाथ नगरपालिका-५ का ६७ वर्षीय रामसागर ठाकुरलगायत जोगिरा गायकहरू वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाइने फागु गीत लोप हुन थालेकामा दुःखी छन् । ठाकुरले भने, 'होली पर्वको आगमनसँगै कुनै बेला गाउँघरमा राति गुञ्जिने होली गीत अचेल सुनिँदैन । उहिले गीत गाएरै फागु आएको सङ्केत गरिन्थ्यो, अब न त ढोल, मृदङ्ग नै बज्छन् न त फागु गीत नै गुञ्जिन्छन् ।'

संस्कृतिविद् रामभरोस कापडी भने, 'एक दशकअघिसम्म फागु पूर्णिमा वा होलीमा गुञ्जिने गरेको 'जोगिरा सरर'लगायत गीतसँगै होलीको परम्परागत मौलिकतासमेत हराउँदै गएको छ ।' उनले तराईबाट चैताल, ढेड ताल, डभारी, धौतल्ली गीत र सङ्गीत पनि लोप हुँदै गएको बताए । उनले भने, 'अवधि, भोजपुरी समुदायमा बजाइने ढोलक, हरमुनिया, तबलालगायत बाजा र होलीमा गाइने परम्परागत गीतहरू पछिल्ला पुस्ताले छाड्दै गएका छन् ।'

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाइने फागु गीत ग्रामीण क्षेत्रबाट हराउन थालेकामा मिथिला नगरपालिका-६ का ७० वर्षीय बिल्टु चौधरीले चिन्ता व्यक्त गर्दै भने, 'पहिलेपहिले गाउँगाउँ, टोलटोल घुमेर फागु पर्वको आगमन भइसकेको गीतमार्फत जनाउ दिने गर्थे तर अब न त ढोल, मृदङ्ग नै बजाउन पाइयो, न फागु गीत नै गाउन पाइयो ।'

चौधरीका अनुसार परापूर्वकालदेखि ग्रामीण क्षेत्रमा रहेको दलान संस्कृति हराउँदै गएकाले होलीमा गाइने फागु गीत लोपोन्मुख अवस्थामा पुगेको हो । 'पुरानो सामाजिक संरचना ध्वस्त भई यसको स्थानमा आधुनिकता र यान्त्रिकीकरण हाबी हुँदा फागु गीत लोपोन्मुख अवस्थामा पुगेको हो', मैथिली भाषाका साहित्यकार उत्तिमलाल कापडीले भने, 'वैदेशिक रोजगार र आधुनिक शिक्षाका लागि ग्रामीण क्षेत्रबाट लाखौंको सङ्ख्यामा युवा विस्थापित भएर यस्तो समस्या आएको हो ।'

कापडीले सांस्कृतिक पर्व होली आउन दुई साता बाँकी हुँदै साथीभाइहरू मिलेर गीत/सङ्गीत, कविता, हास्यव्यङ्ग्यका कार्यक्रम गरी मनाइन्थ्यो तर अहिले भने ती सबै कुरा सपनाजस्तो लाग्न थालेको भने ।

पण्डित लालबाबु झाका अनुसार होली आउन १५ दिनअगावै पण्डितहरूले विधिवत्रूपमा पूजापाठ गरी शुरूआत गरिने चलन थियो । झाले भने, 'गाउँगाउँका युवाहरूले घरघरबाट गुइँठा (गोबर) सङ्कलन गरी राति बालेर गीत गाउने चलन थियो । होलीको एक दिनअघि ठाउँठाउँबाट चोरिएका दाउरा राति बालेर होलिकाको दहन गर्ने चलन थियो ।'

मिथिला संस्कृतिका जानकार ७० वर्षीय रमापति चौधरीका अनुसार होलिका दहनको खरानी पोत्ने र बिहान नुहाउने र बिहान ९ बजेपछि एकापसमा शुभकामना साटासाट गरी रङ लगाएर रमाइलो गरी खेलिने होलीको अहिले भने त्यो मौलिकता हराउँदै गएको छ । चौधरीले भने, 'मूल संस्कृतिको मर्मलाई विकासको प्रक्रियासँगै बढाउन सकिएन । त्यसले अहिले क्रमशः मिथिलाबाट परम्परागत संस्कृतिहरू विलीन हुँदै गएका छन् ।'

पाँच/छ दशकयता सामाजिक आन्दोलनसमेत नभएकाले मिथिलाका मौलिकता हराउँदै गएको उहाँको कथन रहेको छ । अबको होली प्रेम र सद्भावको नभएर वैराग्य र वैमनस्यतापूर्ण बन्दै गएको छ ।

भाङको ठाउँमा मदिरा, प्रेम सद्भावको ठाउँमा द्वेष देखा परेकाले जोगिरा गीत पनि प्रभावित भई रङबिनाको होली र माधुर्यविनाको जोगिरा हुन गएको भनेर टिप्पणी गर्छन, जनकपुरधामका अवकाश प्राप्त सिडिओ ७१ वर्षीय राजेन्द्र झा । झाको अनुसार फाट्टफुट्टरूपमा फागु पूर्णिमाको पहिलो दिन अर्थात् चतुर्दशीको रात होलिकालाई निर्जन स्थानमा लगी गाउँ देहातका मानिस त्यहाँ भेला भएर मृदङ्ग, ढोल बजाई होलिका दहन गर्ने परम्परा चाहिँ देखिएको छ ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य शैलेन्द्र झाले अहिले शहर बजार तथा ग्रामीण क्षेत्रमा होली गीत जोगिरासम्बन्धी अश्लील शब्द मिश्रित भोजपुरी गीति एल्बम छ्याप्छ्याप्ती पाउनाले पनि जोगिरा संस्कृतिमाथि मार परेको बताए । महेन्द्रनगरका शङ्कर झाले भने, 'पहिले पहिले त गाउँको बीचमा रहेको कुनै ठाउँमा गाउँका मानिस बसेर अबेर रातिसम्म जोगिरा गाइन्थ्यो तर अब जोगिरा नसुनेको पनि धेरै भयो । आफूहरूले गर्दै आएको कीर्तनभजनमा भने होली गीत गाउने गरेको छु ।'

धनुषा जिल्ला समन्वय समितिका सभापति ६१ वर्षीय रामदेव यादवले समयको परिवर्तन र

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# वसन्तोत्सवको पर्व

विगत वर्षझैं यस वर्षको रंगहरूको पर्व होली हामी माझ आइपुगेको छ। होलीले सम्पूर्ण नेपालीजनमा हर्षोउल्लास ल्याउने गर्दछ। रंग दलेर शुभकामना साटासाट गर्दै होली मनाइने गरिन्छ।

होली नेपालीको उत्सव हो। होली हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमा अर्थात होली पूर्णिमाको दिन मनाइन्छ। यो नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो। यो चाड वसन्त ॠतुमा फागुनको महिनामा मनाइन्छ। होली रङ्गहरूको चाड हो। होलीको दिन मानिसहरूले एक अर्कामाथि विभिन्न प्रकारका रङ्गहरू हालेर एक अर्कालाई रङ्गिन बनाउछन्। होली पर्व मनाउनुको एउटा कारण र इतिहास छ। होली खेल्ने दिन भन्दा एक दिन पहिला राती होलीका दहन गरिन्छ। राती होलीका दहन गरिसकेपछि बिहान पानीमा रङ्ग घोलेर एक अर्कामाथि फाल्ने चलन छ। सानो सानो नानीहरूदेखि वृद्ध वृद्धासम्म सबै होलीको मजा लिन्छन्। युवा, युवतीहरू गीत गाउँदै, नाँच्दै होली खेल्दछन्। भनिन्छ कि होलीको दिन 'पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एकअर्कासित मिल्छन्न्'। यस पर्वलाई फागुनको महिनामा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ।

होली पर्व घरपरिवार साथीभाई आपसमा रङमा रङ्गिएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि

**नीलो रंगले मानवता र धैर्यतालाई दर्शाउँछ भने पहेलो रंग भगवान श्री कृष्णाको प्रिय रंग हो। शौभाग्यको सूचक रातो रंगको प्रयोग पनि आज व्यापक गरिन्छ। अनुहार अनि शरीर भरि लागेका रंगहरू धुँदा हातैभरि रंगीन हुने गर्दछ।**

सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरूका हूल तथा जत्थाहरू हातमा रङ र रङ्गीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसइबीलाई बिर्सेर उत्साह र उमङ्गका साथ मनाइने रङ्गीन पर्वको रूपमा लिइन्छ।

होली हिन्दूहरूको अत्यन्त प्राचीन पर्व हो। इतिहासकारहरू मान्छन् कि यस पर्वको प्रचलन आर्यहरूमा पनि थियो। यस पर्वको वर्णन अनेक पुरातन धार्मिक पुस्तकहरूमा पाइन्छ। नारद पुराण र भविष्य पुराण जस्तो प्राचीन हस्तलिपीहरू र ग्रन्थहरूमा पनि यस पर्वको उल्लेख छ। विंध्यक्षेत्रको राम गढ स्थानमा स्थित इसा भन्दा ३०० वर्ष पुरानो एउटा अभिलेखमा पनि यसको उल्लेख छ। संस्कृत साहित्यमा वसन्त ॠतु र वसन्तोत्सव अनेक कविहरूको प्रिय विषय थियो।

नीलो रंगले मानवता र धैर्यतालाई दर्शाउछ भने पहेलो रंग भगवान श्री कृष्णको प्रिय रंग हो। शौभाग्यको सूचक रातो रंगको प्रयोग पनि आज व्यापक गरिन्छ। अनुहार अनि शरीर भरि लागेका रंगहरू धुँदा हातैभरि रंगीन हुने गर्दछ। खलल बगेका पानीका धारा या नुहाउने इनार अनि पोखरीका डिलहरू पनि रंगीन हुने गर्दछन्। शुक्ल पक्षको ठूलो चन्द्रको छत्रछायामा होलीका गीतहरू गाउँदै रातभरि विभिन्न कार्यक्रम आयोजना गर्ने चलन पनि रहेको छ। धार्मिक मान्यतावाट अलग्ग बनाएर केवल उत्साह अनि सदभावका रूपमा हेरेरै त होला नेपालीजनहरू चाहे जुनसुकै धर्म या समुदायका हुन्, होलीमा एउटै आँगन र तालमा झुम्मीन्छन्। बालक बालिकाले पिच्कारी अनि ससाना बेलुनहरूका साथमा मज्जा लन्छन्, फेरि पिच्कारी बजारमा किन्न पाउने मात्र नभई तराई तिर बाँस काटेर त्यसका ढोडवाट बनाइएका पिच्कारीहरू अथवा प्रयोग गरिसकेका पुराना प्लास्टीकका बोतलवाट बनाइएका पिच्कारीहरू पनि हुन्छन्। वयस्कका लागी होली रंग अनि भातृत्व र साहसको पर्व हो। शुरूशुरूमा जो कोही पनि यसपाला म रंग खेल्दिन भनेर बसेता पनि सुस्तरि रंगीन माहोल अनि साथीभाईको रंग भरिएका हात अनि पानीका फोहोरावाट बच्न हम्मे हम्मे पर्दछ। पुराना यादहरू सँगाल्दै अनि अविर र केसरीको चुटुक्क टीकाका साथमा वृद्ध पुस्ताले दिएका आशिषको पनि होलीमा विशेष महत्व रहन्छ।

# सीमा बन्दले जनजीवनमा परेको प्रभाव

**सीमा बन्दका कारण नेपाल र भारतबीच सदियौं हुँदै आएको बिहेबारी अवरूद्ध भएको छ। त्यस्तै, धार्मिक पर्यटकको रूपमा नेपालमा भित्रिने हजारौं श्रद्धालुहरू नेपाल आउन सकेका छैनन्। नेपालका श्रद्धालुहरू भारतको तीर्थस्थलहरूमा जान पाएका छैनन्।**



राजीव झा

नेपाल र भारतबीचको खुल्ला सीमा बन्द भएको एक वर्ष पूरा भएको छ। भारतसँगको सीमा हामीले विगतमा निर्वाधरूपमा प्रयोग गर्दै आइरहेका थियौं। हामीलाई पहिला नेपाल र भारतबीचमा सिमाना पनि छ भन्ने कुरा थाहा हुँदैनथ्यो। राजनीतिक आस्थाको आधारमा दुई देशबीच एउटा रेखा मात्र कोरिएको छ। दुवै देशका नागरिक भाईचारा जस्तो बसिरहेका छन्। आफ्नै दाजुभाईहरू वनबासको जस्तो थुनामा राखेको जस्तो सीमा बन्द गरिदिएको छ। यो एकदम अमानवीय, निन्दनीय हो।

दुई देशबीच जुन बेटीरोटीको सम्बन्ध छ, सौहार्दपूर्ण सम्बन्ध छ, त्यो सम्बन्धलाई समाप्त गर्ने कुकृत्य हुँदैछ। यसलाई कुनै पनि हालतमा स्वीकार्न सकिँदैन। नेपाल खुल्ला सीमा सम्वाद समूहले सीमा खोलाउनका लागि महिनौंसम्म धर्ना दिएको हो। नेपाल र भारतबीचको सीमा अविलम्ब खुला हुनुपर्छ। यो हाम्रो मात्र माग होइन, समग्र नेपाली जनताको माग हो। यो सीमा बन्दका कारण खासगरी सीमावर्ती क्षेत्रका जनता अत्यन्त पीडामा छन्।

कोरोना महामारीको प्रकोप कम हुँदै गइरहेको अवस्थामा पर्यटन व्यवसायी, यातायात व्यवसायी, होटल व्यवसायीहरू धेरै नै पीडामा छन्। सामाजिक, आर्थिक, पर्यटकीय र सांस्कृतिकरूपमा दयनीय अवस्था हुँदै गइरहेको छ। कतिपय व्यवसायीहरू आत्महत्या गर्नसमेत बाध्य भएका छन् भने कतिपय व्यवसायीहरू पलायन भइसकेका छन्। यसको जिम्मेवारी नेपाल सरकारले लिनुपर्ने अवस्थामा एक वर्षदेखि व्यवसायीहरूलाई दुःख दिइएको छ। सीमा बन्दका कारण समस्यामा परेका व्यवसायी तथा जनताहरूलाई नेपाल सरकारले क्षतिपूर्ति दिनुपर्छ।

कोरोना भाइरसको प्रकोप कम हुँदै गएपछि नेपाल भारत खुल्ला सीमा सम्वाद समूहले चरणबद्ध रूपमा आन्दोलन गर्‍यो। हामीले विभिन्न माध्यमबाट प्रधानमन्त्रीलाई दबाब दिने र ज्ञापनपत्रसमेत बुझाउने लगायतका कार्यहरू गर्‍यौं। तर हाम्रो प्रधानमन्त्री केपी ओलीको कदमका कारण नेपालको राजनीतिक अवस्थामा परिवर्तन भएपछि हामी आफ्नो आन्दोलनको स्वरूपलाई रूपान्तरण गर्‍यौं। हाम्रो आन्दोलन अहिले पनि जारी नै छ। जबसम्म पूर्ववत् रूपमा सीमा पूर्णरूपमा खुल्ला हुँदैन तबसम्म नेपाल भारत खुल्ला सीमा सम्वाद समूह आवाज उठाउँदै रहन्छ।

सीमा व्यवस्थापनको नाममा दुई देशका नागरिकलाई दुःख दिनु हुँदैन। सीमा बन्दका कारण हजारौं लाखौं नागरिकहरू पीडामा छन्। भारतमा काम गर्ने नेपालीहरूलाई आवतजावतमा असुविधा भइरहेका छन्। सीमा क्षेत्रमा बस्ने नागरिकहरूले स्वास्थोपचारका लागि आउन जान अप्ठ्यारो भइरहेका छन्। बिहेबारीको सम्बन्धमा पनि धेरै असर परिरहेको छ। ती व्यवधानहरूलाई अन्त्य गर्नुपर्छ र पूर्ववत् अवस्थामै खोल्नुपर्छ।

सीमा बन्दका कारण नेपाल र भारतबीच सदियौं हुँदै आएको बिहेबारी अवरूद्ध भएको छ। त्यस्तै, धार्मिक पर्यटकको रूपमा नेपालमा भित्रिने हजारौं श्रद्धालुहरू नेपाल आउन सकेका छैनन्। नेपालका श्रद्धालुहरू भारतको तीर्थस्थलहरूमा जान पाएका छैनन्। नेपालका धार्मिकस्थलहरूमा हजारौं भारतीय पर्यटकहरू नेपाल आउने गरेका थिए तर त्यो हुन सकेको छैन। यो सीमा बन्दका कारण सीमा क्षेत्रको जनजीवनमा हरेक किसिमले असर पारेको छ।

कोरोनाको महामारी बढिरहेको छ भनेर सीमालाई बन्द गरिराख्दा जनता झन् पीडामा बाँच्न बाध्य भइरहेका छन्। विश्व स्वास्थ्य संगठनको सुरक्षा मापदण्ड अपनाउँदै सीमामा लागेको बन्देज हटाउनुपर्छ। कोरोनासँग डराएर हुँदैन, त्यसबाट कसरी बच्ने त्यसबारे सचेतना फैलाउने काम पनि सरकारको नै हो। कोरोनाको नाममा सीमा बन्द गरी दुई देशबीचको विविध सम्बन्धमा दरार ल्याउनु हुँदैन।

हाम्रो असल छिमेकी को हो त्यो हेर्नुपर्छ। भारत र चीन दुवै हाम्रो छिमेकी हो तर चीनको व्यवहार नेपालप्रति त्यति मित्रवत् छैन। भारतले जसरी नेपालसँग मित्रता देखाउँछ, त्यसरी चीनले देखाउँदैन। त्यसैले चीनले एकतर्फीरूपमा नाका बन्द गरेर नेपालका नागरिकलाई दुःख दिनु हुँदैन भन्ने हाम्रो माग हो। नेपालमा मालसामानहरू आयात-निर्यातका लागि सीमामा सहज हुनुपर्छ।

**माग पूरा गर्नेलाई जसपाको साथ**

जसपामा एउटा मात्र धार हो, हाम्रो मागहरू सम्बोधन हुनुपर्छ। जसपा परिवर्तनकारी शक्ति हो। जसपाले पूरै देशभरिका शोषित, पीडित, उपेक्षित, अपहेलित, अपमानित समुदायको अधिकार र सवालका विषयहरू उठाउँदै आएको छ। जसपामा कुनै किसिमको मतभिन्नता वा दुई धार छैन। अहिले जसपा निर्णायक शक्तिको रूपमा देखिएको छ। त्यसैले यसलाई कमजोर बनाउन केही भ्रामक कुराहरू प्रायोजितरूपमा बाहिर आइरहेका छन्। कांग्रेस र कम्युनिष्टको विकल्पमा नयाँ शक्ति वैकल्पिक शक्ति बन्ने क्रममा जसपा रहेको छ। हाम्रो माग जसले पहिला पूरा गर्छ, जसपाले उसलाई नै साथ दिन्छ। ती ठूला भनाउँदा दलहरूले आफ्नो लागि मात्र संविधान बनाए। यसमा सबै समुदायको हकअधिकार समेटिएन। जसले गर्दा आज संविधान कार्यान्वयन भइरहँदा विभिन्न बाधा र अड्चनहरू देखा परिरहेका छन्। हामीले यिनै मागहरू उठाउँदै आएका छौं। अहिले प्रधानमन्त्री केपी शर्मा ओलीलाई चेतना आएको छ। उहाँले हाम्रा मागहरू सम्बोधन गर्ने आश्वासन दिइरहनुभएको छ। उहाँ सांसद रेमशलाल चौधरीको रिहाइ, मधेश-थरूहट आन्दोलनका बेला लगाइएका झुठा मुद्दा फिर्ता, संविधान संशोधन लगायतमा सकारात्मक हुनुहुन्छ।

पार्टीको आधिकाारिक धारणा अहिलेसम्म बनिसकेको छैन। हाम्रा लागि त कांग्रेस, एमाले र माओवादी केन्द्र तीतवटै दल प्रतिगमनकारी हुन्। अन्तरिम संविधान निर्माण भइरहँदा माओवादी अध्यक्ष प्रचण्डले पनि संघीयता र समानुपातिक समावेशितालाई बेवास्ता गर्नुभएको थियो।

उपेन्द्र यादव र बाबुराम भट्टराई हाम्रा आदरणीय नेताहरू हुनुहुन्छ, उहाँहरूले किन केपी ओलीलाई मात्रै प्रतिगमनकारी देख्नुभएको छ, त्यो हामीले बुझ्न सकिरहेका छैनौं। उहाँ त आफै एक वर्षभन्दा बढी समयसम्म केपी ओलीको सरकारमा बसेर फर्किनुभएको छ। त्यसैले हाम्रा लागि केपी ओली, प्रचण्ड र शेरबहादुर देउवा एउटै हुन्। शोषित-पीडितहरूको सवालमा उहाँहरू सबै प्रतिगमनकारी नै हुन्। हाम्रो लागि कोही छुत वा अछुत छैनन्। जसले हाम्रो मुद्दाप्रति अपनत्व देखाउँछ, जसले हाम्रो मागलाई सम्बोधन गर्छ उसैलाई हामीले विश्वास गर्ने हो।

मत-मतान्तरहरू जुनसुकै पार्टीमा हुन्छ, यसले गर्दा फुट्ने होइन। फुट्नका लागि जसपा बनेको पनि होइन।

**जेन्टलमेन्ट एग्रीमेन्ट लागू होस्**

यदि राजेन्द्र महतोलाई संसदीय दलको नेता बनाउन कुनै प्रकारको जेन्टलमेन्ट एग्रीमेन्ट भएको छ भने त्यसलाई पालना गर्नुपर्छ। सहमति गर्ने पाँचै जना इन्टेलिजेन्ट नै हुनुहुन्छ। यस्ता सहमतिहरू कार्यान्वयन हुँदै गयो भने आउने पुस्ता लागि पनि एउटा राम्रो सन्देश जानेछ। यसले पार्टीभित्र इमान्दारिताको अभ्यास हुन्छ।

(झा नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहका संयोजक तथा जसपाका केन्द्रीय सदस्य हुन्।)

# महामूर्ख र पटमूर्खको खोजी तीव्र

जनकपुर। मिथिलाञ्चल क्षेत्रमा महामूर्ख र पटमूर्खको खोजी तीव्र रूपले भइरहेको छ। यो जानकारीले आश्चर्य लाग्ला तर यथार्थ हो जनकपुरधाममा यो परम्पराले वर्षौंदेखि निरन्तरता पाइरहेको छ।

होरी उत्सवका सन्दर्भमा यो परम्पराले निरन्तरता पाएको देखिन्छ। मिथिला क्षेत्र प्राचीनकालदेखि नै ज्ञान, चिन्तन र दर्शनको भूमिका रूपमा प्रख्यात छ।

प्राच्य सभ्यताको विकासका साथै सनातन वैदिक धर्मको प्रचलन एवम् उत्तरवैदिककालमा भएको धार्मिक सुधार इत्यादिका साक्षीका रूपमा मिथिलाञ्चल क्षेत्र रहिआएको छ।

जनकपुरधाम पौराणिककालमा मिथिला प्रदेशको राजधानी थियो। निमि, मिथि, शिरध्वज, बहुलाश्व जस्ता दार्शनिक, प्रतापी एवं जनप्रिय राजाहरूद्वारा सुशासित तथा याज्ञवल्क्य, गौतम, कणाद, गार्गी, मैत्रेयी जस्ता विद्वानहरूको योग, तप, ज्ञान र दर्शनले यो क्षेत्र सुसंस्कारित रहेको छ। सो समयमा विचार विमर्श, बैठक र सम्मेलनका माध्यमले चिन्तन, हास-परिहास हुने गरेको थियो।

मिथिलाको संस्कृतिमा धर्मका साथै दर्शनको पनि महत्वपूर्ण स्थान रहिआएको मानिन्छ। दर्शनलाई धर्मसित सम्पृक्त मानिएको छ एवम् यसलाई धर्मको स्वभाविक परिणतिका रूपमा ठानिएको छ। राजा जनकको दरबारमा माया, कर्म, मुक्तिजस्ता विषयको विश्लेषण गरिएको पाइन्छ।

विदुषी विद्युतमा र महामूर्ख कालिदासको वैवाहिक सम्बन्धका दृष्टान्त पनि मिथिलाञ्चलमै रहेको छ। विद्वानहरूबीच शास्त्रका बारेमा चिन्तन, विवाद र समाधानको केन्द्रका रूपमा पनि यो ख्यात पाएको देखिन्छ।

सोही भावमूमिमा विद्वानहरूले आफूमा महामूर्खको भाव राख्ने, सभ्यता, संस्कृतिको रक्षा गर्ने, भाषा र कलालाई अभियानका रूपमा लिने, धरातीय अवस्थाको बोध गराउने प्रतीकका रूपमा महामूर्खको उपाधिले निरन्तरता पाएको बताइन्छ। महामूर्ख उपाधिमा सम्मान, अभियान र व्यङ्ग्य समाहित देखिएको छ, मिथिलावासी विद्याप्रेमी रहेका तथा यहाँ विद्वानहरूको कदर गरिने परम्परा रहेको तथ्य राजा जनकका राजसभाबाट ज्ञात हुन्छ।

महामूर्खको उपाधि पाउनेमा साहित्यकार, अभियानी, संस्कृतिकर्मी, समाजसेवी, कलाकर्मी, लेखक र राजनीतिकर्मी रहेका छन्। हुन त सामान्यतया महामूर्खको उपाधिले ग्लानी र हीनताबोध हुनुपर्ने हो तर मिथिलाञ्चल क्षेत्रमा यो उपाधिका लागि निकै प्रतिस्पर्धा हुने गरेको पाइन्छ।

राजनीतिकर्मी बजरङ्गप्रसाद साह जनकपुरधाममा होरी मनाउने सन्दर्भमा यो उपाधि महत्वपूर्ण स्थान रहेको बताउँछन्। महामूर्खको उपाधि र होरी उत्सवलाई बूढापाकाले दिएका निरन्तरताका शृङ्खलाका रूपमा आफूले २०३६ सालमा कानूनविद् गिरिशचन्द्र लाललाई महामूर्खको उपाधि जानकी मन्दिर परिसरमा आयोजित होरी उत्सवमा प्रदान गरेको पनि उनी बताउँछन्।

सोही उत्सवमा विमलेन्द्र निधि, वृषेशचन्द्र लाल, समीर घिमिरे, प्रेमकिशोर साहलगायत अभियानीहरूले तत्कालीन राजालाई व्यङ्ग्य गरी मञ्चबाट महामूर्खको सङ्ज्ञा दिएका कारण सो अभियानपछि गएर शासक वर्गको बक्रदृष्टिको शिकार हुन पुगेको बताइन्छ।

शासक वर्गको बक्रदृष्टि भएपछि विभिन्न युवा क्लबहरूले होरी उत्सवलाई रङ उत्सवका रूपमा मनाउन थालेको देखिन्छ। राजनीतिकर्मी साह आफ्नो पहलमा सुरूमा महावीर चोकमा होरी मनाउने सन्दर्भमा जोगिरा गायन र मटका फोर अभियान पनि सञ्चालन गरेको भन्छन्।

केही वर्षसम्म महामूर्खको उपाधि प्रदानमा इतिहास मौन देखिए पनि मिथिला नाट्य कला परिषद्ले यसलाई जीवन्तता दिएको पाइन्छ। परिषद्ले २४ वर्षदेखि महामूर्खको उपाधि प्रदान गरिँदै आएको छ। सो परिषद् महामूर्खको उपाधि पाउनेमा ओमकुमार झा, नरेश ठाकुर, हरिबहादुर बिसी, डा राजेन्द्र विमल, रामचन्द्र झा, रामसरोज यादव, सिके लाल, शीतल झा, लालकशिोर साह र लालबाबु राउतलगायत व्यक्ति रहेका छन्।

सामाजिक संस्कृतिको अङ्गका रूपमा विद्वत वर्गदेखि अभियानी, राजनीतिकर्मीलाई निराकार भाव, व्यङ्ग्य र सम्मानमूलक रूपमा सो उपाधि प्रदान गरिँदै आएको हो। यही चैत १५ गते जानकी मन्दिर परिसरमा हुने होरी उत्सवमा सो उपाधि प्रदान गर्ने जनाइएको छ।

भनिन्छ कि मिथिलाका विद्वान ज्ञानका क्षेत्रमा स्वयम्मा एउटा संस्था हुने गरेका कारण यस पटक महामूर्खको चयन निकै चासोको विषय बनेको छ। चयन समितिका संयोजक श्यामसुन्दर शशि युद्धस्तरमा महामूर्ख र पटमूर्खको खोजी जारी रहेको बताउँछन्। यसपटक २५औं महामूर्ख उपाधिका लागि कुन क्षेत्रका व्यक्ति हकदार हुन्छ भन्ने प्रश्नमा संयोजक शशिले नाम आउने क्रम जारी रहेको बताए।

परिषद्ले यही चैत १४ गते होरी गायन प्रतियोगिता र १५ गते महामूर्ख सम्मेलनको कार्यक्रम राखेको छ। सम्मेलनमा एक जनालाई महामूर्ख र सात जनालाई पटमूर्खको उपाधि प्रदान गरिनेछ।

# माग पूरा गर्‍यो सहकार्य गर्न सकिन्छ, एक हातले ताली बज्दैन

हामी कोहीसँग टाढा वा नजिक छैनौं। तीनवटै दलले मधेश आन्दोलनका बेला हामीमाथि गोली चलाएका छन्। सुरूमा नै कांग्रेसको सुशील कोइरालाको सरकारले ३५ जनालाई मारे, त्यसपछि ओलीको सरकार आयो, उसले पनि गोली चलाएर मारे, प्रचण्डको सरकार आयो उसले पनि मारे। कसलाई नजिक र कसलाई टाढा भन्ने हो। हामीले ती सबै पीडालाई छातिभित्र राखेर हाम्रा मागहरू पूरा गराउनका लागि कुरा गरिरहेका छौं।



**लक्ष्मण लाल कर्ण**
**केन्द्रीय कार्यकारिणी समिति सदस्य तथा सांसद, जनता समाजवादी पार्टी नेपाल**

**० सर्वोच्च अदालतको पछिल्लो दुई फैसलापछि मुलुकमा उत्पन्न राजनीतिक परिस्थितिबारे जसपाको औपचारिक धारणा के छ ?**

– अदालतले जुन फैसला गर्छ, अदालतको फैसला कानून र संविधानबमोजिम हुन्छ। सर्वोच्च अदालतले गरेको फैसला अन्तिम हुन्छ। त्यसउपर अपिल लाग्दैन, त्यसउपर लाग्ने भने पुनरावलोकन मुद्दा हो। संविधानको व्याख्या गर्ने अधिकार हामीले सर्वोच्च अदालतलाई दिएका छौं। त्यसैले सर्वोच्चको फैसलालाई पार्टीले स्वीकार गरेको छ, त्यसमाथि हाम्रो कुनै कमेन्ट छैन।

**० ती फैसलाले राजनीतिक माहोल परिवर्तन भएको छ, यसपछि अब जसपाले के गर्ने भन्ने स्पष्ट भएको छैन नि ?**

– समय त फेरिन्छ नि। राजनीति २४सै घन्टा एउटै हुँदैन। राजनीतिको परिवेश बदलिन्छ, संविधानको परिवेश बदलिन्छ। हामीले अहिले निर्णय गर्नुपर्ने विषय नै केही छैन। हामीले के निर्णय गर्ने ? निर्णय त हाम्रो हातमा छैन। न त हामी सरकारमा छौं। हामी विपक्षमा छौं, संसद राम्रोसँग चलोस् भन्ने हाम्रो धारणा हो। संसदले विजनेस पाओस् र चलिराखोस् भन्ने हाम्रो धारणा हो।

**० तर अहिले संसदमा सरकार नै नभएको जस्तो देखिएको छ, सरकारले विजनेश पनि दिन सकिरहेको छैन। कसरी देश अगाडि बढ्छ ?**

– संसदमा सरकार छ, सरकारकै नभएको भए यो देश कसरी चलिरहेको छ। अहिले दुई पार्टीको सरकार छ। एमालेको सरकार हो र माओवादी केन्द्रले समर्थन गरेको छ। एमाले र माओवादी दुवै पक्षका मन्त्रीहरू त्यो मन्त्रिपरिषद्मा छन्। त्यसकारण अहिले सरकारै छैन कसरी भन्ने ? यो सरकारले संसदमा बिजनेस दिनुपर्छ, काम चलाउनुपर्छ र बिजनेसलाई समापन गर्नका लागि धेरै महत्वपूर्ण बिलहरू राखिएका छन्। त्यसका लागि अपर हाउस पनि चाँडै बोलाउनुपर्छ। हाम्रो दुई सदनात्मक व्यवस्था भएकोले त्यो सदन पनि छिट्टै बोलाउनुपर्छ।

**० अहिले यो सरकारलाई हटाएर अर्को सरकार बनाउने वा यही सरकारलाई निरन्तरता दिने विषयमा पनि विभिन्न कसरतहरू भइरहेका छन्, यस विषयमा जसपा किन स्पष्ट छैन ?**

– यो सरकारलाई हटाउने, अर्को ल्याउने भन्ने खेलमा जसपा लागेको छैन। यो काममा जसपा लागेकै छैन भने हाम्रो के धारणा हुने ? हामीले यो सरकार भाग भन्या पनि होइन, हटाउ भन्या पनि होइन। यो सरकारमा हामी सहभागी पनि छैनौं। यो सरकारलाई हटाउनका लागि सहभागी दलले नै गर्नुपर्छ। नयाँ सरकार बनाउनका लागि कहींबाट पनि समीकरण मिलेको देखिएको छैन।

**० जसपाका एक पक्षले यो प्रतिगमनकारी सरकार हो, यसलाई हटाएर अर्को सरकार बनाउनुपर्छ भनिरहेको छ भने अर्को पक्षले यो सरकारसँग निरन्तर वार्ता गरिरहेको छ। यसबाट नै प्रष्ट देखिएको छ कि जसपाको दोधारे नीति हो भनेर ?**

– यो गलत कुरा हो। विचार सबैको आ-आफ्ना हुन्छन्। हामीले सबै दलसँग कुरा गर्छौं र हाम्रो मागलाई जसले पूरा गर्छ उसलाई साथ दिन्छौं भनेर संसदीयको बैठक बसेर निर्णय गरेका हौं। त्यहीं अनुरूप हामीले तीनटै पार्टीसँग कुरा गरेका हौं। अहिले सरकारले कुरा गरिरहेको छ भने सरकारसँग पनि कुरा गरिरहेका छौं। दुई धारको त प्रश्नै भएन। कसैलाई लाग्ला कि यो काम ठिक छैन, अरू नै धार बनाउनुपर्ने, अरूको साथ जानुपर्ने। त्यसपछि हामी पार्टीमा बसेर एउटै विचार बनाएर काम गर्छौं।

**० उपेन्द्र यादव र डा.बाबुराम भट्टराईले ओलीको बहिर्गमन नै अहिले आवश्यकता हो भनिरहनु भएका छन् नि ?**

– नेताहरूले कुनै कुरा गर्छन् भने पार्टीको निर्णय गराउनुपर्छ, यो पनि नेताकै काम हो। यो सरकारको विकल्पमा अर्को सरकार कसरी बन्छ त्यसबारे त व्याख्या गर्नुपर्‍यो नि। जसले अर्को सरकार बनाउने हो, उसले एमालेलाई अहिले पनि छोडेकै छैन, एमालेलाई समर्थन दिइरहेकै छ, उसका मन्त्रीहरू पनि त्यहीं छन्। अर्को कांग्रेस पार्टीले हाम्रो अगुवाईमा सरकार बनाउ भनेको पनि छैन। कांग्रेस प्रतिपक्षमै बस्ने भनेको छ। अनि हामीले मात्रै यो सरकारलाई हटाउ कसरी भन्ने त ? जो मूल पात्र हुन् कांग्रेस र माओवादी अग्रसर छैन भने हामीले के गर्ने ? त्यसकारण सम्पूर्ण राजनीतिक अवस्था परिपक्क नभइकन नेताहरूको अभिव्यक्तिलाई हेरेर दुई धार भो भन्ने छैन। पार्टीले निर्णय गर्छ, दुई धार छैन।

**० त्यसो भए जसपाको एउटै धार के हो त ?**

– त्यो निर्णय पछि थाहा हुन्छ। अहिले राजनीतिक परिस्थिति नै स्पष्ट छैन भने पार्टीले धार किन बनाउनुपर्‍यो।

**० प्रधानमन्त्रीसँग तपाईंहरू लगातार वार्ता र सम्वाद गरिरहनुभएको छ, के-कस्ता कुराहरू भइरहेका छन् ?**

– हाम्रो एक मात्र भनाइ हो कि काम गरेर देखाउनुस्। हाम्रा जति पनि मागहरू छन् मधेश आन्दोलनका बन्दी रिहाइ, मुद्दा फिर्ता, संविधान संशोधन, नागरिकता यो प्रश्नमा उहाँहरूले अस्वीकार गर्नुभएको छैन। त्यसकारणले हामी यसलाई सकारात्मक मानेका छौं। तर हामीले परिणाम खोजेका छौं। कुराहरू त सकारात्मक भएका छन्, सौहार्दपूर्ण वातावरणमा भएको छ। तर काम भएको छैन।

**० भनेपछि तपाईंहरूको सबै माग पूरा गर्ने प्रधानमन्त्रीको आश्वासन छ ?**

– बिल्कुल।

**० यस विषयमा प्रक्रिया पनि सुरू भएको हो ?**

– उहाँहरूले आन्तरिकरूपमा प्रक्रिया सुरू गर्नुभएको होला। काम गर्नुछ भने प्रक्रिया अपनाउनै पर्छ। किनभने हाम्रो माग त संविधान र कानूनबमोजिम नै पूरा हुन्छ। यो काम सरकारको हो, सरकारले आफ्नो गृहकार्य गरिरहेको छ।

**० सांसद रेशमलाल चौधरीलाई अदालतले दोषी ठहर गरेर फैसला पनि सुनाइसकेको छ, उहाँलाई रिहा गर्न कति अप्ठ्याराहरू छन् ?**

– त्यो मुद्दा त अहिले सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा छ। सर्वोच्च अदालतले जे निर्णय, त्यसपछि नै बाटो हुन्छ। सर्वोच्च अदालतले सफाइ दियो भने मुक्ति नै हुन्छ, कैदलाई सदर गर्‍यो भने अर्को प्रक्रियामा जान्छ। अदालतको विचारधिन मुद्दामा अहिले नै प्रतिक्रिया दिनु हुँदैन।

**० यो सरकारले तपाईंहरूको माग पूरा गर्‍यो भने सत्ता सहकार्य गर्न सकिन्छ ?**

– माग पूरा गर्‍यो भने सहकार्य गर्न सकिन्छ। एक हातले मात्रै ताली बज्दैन। एकथरिले काम गर्छ भने अर्कोथरिले केही पनि गर्दिन भन्न पाउँछ ? त्यसकारणले माग पूरा भएको खण्डमा सहकार्य गर्ने अवस्था हुन्छ। पार्टीभित्र यसबारे छलफल हुन्छ र पार्टीले निर्णय गरेर सहकार्य हुन्छ।

**० सरकारसँग भइरहेको छलफलमा सत्ता सहकार्यबारे पनि छलफल हुन्छ कि ?**

– अहिले हामीले सत्ता सहकार्यको बारेमा कुरै गरेका छैनौं। हाम्रो माग पूरा भएपछि नै सत्ता सहकार्यबारे सोच्छौं। तर सरकारको तर्फबाट हामीलाई प्रस्ताव आउँछ कि सहकार्य गर्नुस्, काम गर्छौं, तपाइँहरू पनि हामीलाई सहयोग गर्नुस्। तर हामीले पहिले काम होस् त्यसपछि सहकार्य हुन्छ भनिरहेका छौं।

**० जसपाले तीनवटै दलसँग वार्ता र सम्वाद जारी राखेको छ, कोसँग बढी नजिक देखिएको छ ?**

– हामी कोहीसँग टाढा वा नजिक छैनौं। तीनवटै दलले मधेश आन्दोलनका बेला हामीमाथि गोली चलाएका छन्। सुरूमा नै कांग्रेसको सुशील कोइरालाको सरकारले ३५ जनालाई मारे, त्यसपछि ओलीको सरकार आयो, उसले पनि गोली चलाएर मारे, प्रचण्डको सरकार आयो उसले पनि मारे। कसलाई नजिक र कसलाई टाढा भन्ने हो। हामीले ती सबै पीडालाई छातिभित्र राखेर हाम्रा मागहरू पूरा गराउनका लागि कुरा गरिरहेका छौं। हाम्रो विषयवस्तु त त्यहीं नै हो। त्यसकारणले जसले हाम्रो माग पूरा गर्न अगाडि आउँछ र गर्छ त्यो हाम्रो नजिक हुन्छ। हामीले तीनवटै दलसँग वार्ता र सम्वाद गर्दा आश्वासन दिन्छ तर काम छैन।

**० तीनवटै दलमध्ये कसले तपाईंहरूको माग पूरा गर्न सक्ने अवस्थामा देख्नुहुन्छ ?**

– सरकारमा जो हुन्छ उसले नै हाम्रा सम्पूर्ण मागहरू पूरा गर्न सक्छ र उसैको दायित्व पनि हो। त्यो दायित्व पूरा गरोस् हाम्रो भनाइ हो। त्यसपछि अर्को सरकार यदि बन्छ, काम उसले देखाउँछ, उसले एउटा रोडम्याप तयार गर्छ अनि हामीले विश्वास गर्न सक्छौं।

**० अहिलेको राजनीतिक घटनाक्रमले जसपा कहीं फुट्ने त होइन ?**

– कतिपय मान्छेहरूले दिनरात भगवानसँग प्रार्थना गरिरहेका छन् कि जसपा फुटोस्। तर भगवानले सबैको प्रार्थना सुन्दैन। यो पार्टी एउटै हुन्छ, जे निर्णय हुन्छ सर्वसम्मतले हुन्छ र एकै धारमा यो पार्टी जान्छ। फुट्दैन।

**० जसपाको संसदीय दलका नेताका लागि भद्र सहमति भएको पनि सुनिन्छ नि ?**

– निर्वाचनमा जुन सहमति भयो, विधान छ त्यो कुरा थाहा छ। त्यसपछि भद्र/अभद्र के-के सहमति भएको छ, मलाई थाहा छैन। संसदीय दलको नेता कसलाई बनाउने वा नबनाउने कुरामा सहमति भएको हो वा होइन हामीलाई जानकारी छैन। म त्यसमा समावेश भएको छैन, मेरो उपस्थितिमा पनि भएको छैन।

**० जसपा समायोजन कहाँसम्म पुग्यो ?**

– समायोजनहरू भइरहेका छन्। भ्रातृ संगठनहरूको पनि समायोजन भएको छ, जिल्लाहरूमा पनि भएको छ। बाँकी रहेका समायोजन प्रक्रियालाई पूरा गर्ने बाटोमा छौं। विस्तारै सबै समायोजन हुँदै जानेछ।

# जनमतको महाधिवेशन भव्य र सभ्यरूपमा सम्पन्न गर्छौं

यो महाधिवेशनमा देशविदेशका अतिथिहरूलाई हामीले बोलाउने तयारी गरिरहेका छौं। खासगरी सबै राजनीतिका दलका नेताहरूलाई हामीले बोलाउने प्रयासमा छौं। यसैगरी, छिमेकी राष्ट्र लगायत अन्य राष्ट्रहरूबाट पनि अतिथि बोलाउने तयारीमा छौं। अन्य देशका अतिथिहरूसँग कुरा भइरहेको छ।



**अब्दुल खान**
**केन्द्रीय सदस्य, जनमत पार्टी**

**० जनमत पार्टीको प्रथम महाधिवेशन नजिकिँदै गएको छ, तयारी कस्तो छ ?**

– जनमत पार्टीको प्रथम ऐतिहासिक महाधिवेशन यही चैतको २८ र २९ गते प्रदेश २ को अस्थायी राजधानी जनकपुरधामको बाह्रबिघामा हुन गइरहेको छ। प्रथम ऐतिहासिक महाधिवेशनलाई भव्य र सभ्य बनाउनका लागि हामीले तयारी तीव्ररूपमा गरिरहेका छौं। महाधिवेशन सम्पन्न गर्नका लागि व्यवस्थापनका लागि विभिन्न समितिहरू निर्माण गरिएको छ, जुन समितिहरूले आआफ्नो तयारी तीव्रताका साथ गरिरहेका छन्।

**० महाधिवेशनको तयारी कतिसम्म भयो त ?**

– हाम्रो महाधिवेशनको तयारी अन्तिम चरणमा छ। हाम्रा प्राविधिक तयारीहरू पूरा भइसकेका छन्। हाम्रो महाधिवेशनको तयारी लगभग भइसकेका छन्, तत्कालीनरूपमा गरिने कार्यहरू हुँदैछन्। हाम्रा सबै तहका अधिवेशनहरूसमेत पूरा भइसकेका छन्, कतिपय ठाउँमा हुने क्रममा पनि छन्। हाम्रो महाधिवेशनमा आउने पाहुनाहरूसँग सम्वादमा छौं।

**० जनमतको महाधिवेशनमा कस्ता अतिथिहरू आउँदैछन् त ?**

– यो महाधिवेशनमा देशविदेशका अतिथिहरूलाई हामीले बोलाउने तयारी गरिरहेका छौं। खासगरी सबै राजनीतिका दलका नेताहरूलाई हामीले बोलाउने प्रयासमा छौं। यसैगरी, छिमेकी राष्ट्र लगायत अन्य राष्ट्रहरूबाट पनि अतिथि बोलाउने तयारीमा छौं। अन्य देशका अतिथिहरूसँग कुरा भइरहेको छ। उहाँहरूसँग हामीले समय व्यवस्थापनका लागि आग्रह गरिरहेका छौं।

**० कुन-कुन देशहरूबाट अतिथिहरू आउँदै हुनुहुन्छ ?**

– सम्भावना थुप्रै छन्। अहिले फेरि कोभिडको प्रकोप बढ्ने देखिएको छ। हाम्रा छिमेकी राष्टहरू लगायत युरोपियन देशका अतिथिहरूसँग पनि सम्पर्क भइरहेका छन्। खासगरी भारत, चीन, अमेरिका लगायतका देशबाट अतिथिहरू आउने भएका छन्। यो कोरोनाले धेरै समस्या ल्याए थुप्रै अतिथिहरू आउनुहुन्छ। तर अहिलेसम्म टुंगो लागिसकेको छैन कि कुन देशबाट को-को आउने हुन। हामीले अन्य देशका राजनीतिक दलका शीर्षस्थ नेतृत्वहरूसँग पनि कुराकानी गरिरहेका छौं।

**० महाधिवेशनमा कतिसम्मको सहभागिता हुनेछ ?**

– हामीले करिब २५ देखि ३० हजारसम्म भोलेन्टियर (स्वयम्सेवक) हरू तयार गरिरहेका छौं। महाधिवेशनलाई व्यवस्थापन गर्ने हाम्रा जनशक्तिहरू खटिने छन्। त्यसपछि हाम्रो अधिवेशनका प्रतिनिधिहरू हुनेछन्। हामीले महाधिवेशनमा आम जनसमुदायलाई बोलाएका छैनौं। किनभने अहिले कोरोना फेरि बढ्न थालेको छ। यो महाधिवेशनमा खासगरी जनमत पार्टीका स्वयम्सेवक दस्ता र प्रतिनिधिहरूलाई आह्वान गरेका छौं।

**० कोरोनालाई मध्यनजर गर्दै सरकारले सुरक्षा मापदण्डको पालना गर्न निर्देशन पनि दिएको छ, कसरी व्यवस्थापन गर्नुहुन्छ त ?**

– यस विषयमा हामी अहिले छलफलमा छौं। यस विषयमा हामीले टुंगो लगाइसकेका छैनौं। हाम्रो छलफलबाट के कस्ता निर्णय हुन्छ, त्यसपछि हामी सार्वजनिक गर्नेछौं। यदि नेपालमा पुनः कोरोनाको कहर बढ्न थाल्यो भने हामीले विभिन्न वैकल्पिक उपायहरू अपनाउने छौं। कोरोना बढे पनि हामीले महाधिवेशन स्थगित गर्दैनौं। मापदण्डहरू अपनाइन्छ। कोभिडबाट बच्न अपनाउनुपर्ने मापदण्डहरू अपनाउँदै महाधिवेशनलाई सफल पार्छौं।

**० जनमत पार्टीका अधिकांश सदस्यहरू विदेशमा बस्छन्, उहाँहरू आउनुहुन्छ ?**

– जनमत पार्टीका विदेशमा रहेका सबैलाई हामीले आउन आह्वान गरेका छैनौं। केही सदस्यहरू जो प्रमुख नेतृत्वमा हुनुहुन्छ, उहाँहरू आउनु हुन्छ।

**० जनमत पार्टीको विभिन्न पदहरूमा दाबेदारी अथवा उम्मेदवारी कहिलेदेखि हुने ?**

– यस विषयमा केही साथीहरूको धारणा आइसकेका छन्। यस विषयमा हामीले छिट्टै नै टुंगो लगाउँछौं। अध्यक्षदेखि केन्द्रीय सदस्यसम्म प्रत्यक्षरूपमा निर्वाचन प्रक्रियालाई अपनाएर टुंगो लाग्नेछन्। हामी लोकतन्त्रलाई मान्ने पार्टी भएकोले हामी त्यहीं प्रक्रिया अपनाउँदा झन् राम्रो हुन्छ।

**० अध्यक्ष डा.सीके राउतलाई सर्वसम्मतले अध्यक्ष बनाउने कि अन्य कोही प्रतिस्पर्धा गर्ने ?**

– हामी निर्वाचन प्रक्रियामा जान्छौं। प्रक्रियाअनुसार नै अध्यक्ष पनि चयन हुनेछ। हामीले विधानअनुसार दुई कार्यकालभन्दा बढी कोही पनि अध्यक्ष हुन नपाउने व्यवस्था गर्छौं। यस विषयमा हामीले महाधिवेशनबाट टुंगो लगाउँछौं।

**० तपाईं तत्कालीन स्वतन्त्र मधेश गठबन्धनका प्रवक्ता हुनुहुन्थ्यो, अहिले जनमतको केन्द्रीय सदस्य हुनुहुन्छ। तपाईंको दाबेदारी केमा हुनेछ ?**

– अहिलेसम्म मैले केही सोच बनाएको छैन। साथीहरूसँग छलफल गर्दैछु। कुनै पनि पदका लागि आफू पनि उपयुक्त र सक्षम हुनुपर्‍यो। दाबेदारी मात्रै गरेर हुँदैन। पार्टीको लागि जहिले पनि म योगदान गर्नेछु। मलाई कुनै पनि पद नदिए पनि केही फरक पर्दैन। म पदको लागि राजनीति गरेको छैन।

**० जनमत पार्टीले महाधिवेशनका लागि आर्थिक सहयोगको पनि अपिल गरेको थियो, कतिसम्म सहयोग प्राप्त भयो त ?**

– महाधिवेशन सम्पन्न गर्न आर्थिक समिति पनि बनेको छ। अहिलेसम्म कति आर्थिक सहयोग आयो भन्ने कुराको प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छैन। तर पनि अहिलेसम्म आएका सहयोग लगभग ३० प्रतिशत प्राप्त भएको अनुमान छ। अझै पनि सहयोग प्राप्त हुने क्रममा जारी नै छ।

**० महाधिवेशनमा कतिसम्म खर्च हुने अनुमान गरिएको छ ?**

– हाम्रो महाधिवेशनमा करिब एक करोड २५ लाख रूपैयाँसम्म खर्च हुने हामीले अनुमान गरेका छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रदेश प्रमुख डा.राजेश अहिराजको एकमहिने कार्यकाल


फागुन ७ गते शुक्रबार राष्ट्रपति कार्यालय शितल निवासमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ ग्रहण गर्दै प्रदेश प्रमुख डा.राजेश अहिराज ।


फागुन ९ गते आइतबार जनकपुरधामस्थित प्रदेश प्रमुखको कार्यालयमा पदभार ग्रहण गर्दै प्रदेश प्रमुख डा. अहिराज ।


फागुन ११ गते मंगलबार जनकपुरबाट सिमरा जाने क्रममा जितपुरको जंगलमा दुर्घटनामा घाइते भएकाहरूको उद्धार गर्दै प्रदेश प्रमुख डा. अहिराज ।


फागुन २१ गते शुक्रबार गण्डकी प्रदेशका प्रमुख अमिक शेरचनलाई मायाको चिनोस्वरूप जानकी मन्दिरको तस्वीर हस्तान्तरण गर्दै प्रदेश प्रमुख डा.अहिराज ।



फागुन २२ गते शनिबार लुम्बिनी प्रदेशका प्रमुख धर्मनाथ यादवलाई मायाको चिनोस्वरूप जानकी मन्दिरको तस्वीर हस्तान्तरण गर्दै प्रदेश प्रमुख डा.अहिराज ।


फागुन २२ गते सडक दुर्घटनामा घाइते भएका जाजरकोटका शेरबहादुर सिंहको उद्धार प्रदेश प्रमुख डा.अहिराज ।


फागुन २३ गते आइतबार कर्णाली प्रदेशका प्रमुख गोविन्द प्रसाद कलौनीलाई मायाको चिनोस्वरूप जानकी मन्दिरको तस्वीर हस्तान्तरण गर्दै प्रदेश प्रमुख डा.अहिराज ।


सुदुरपश्चिम प्रदेशको धनगढी उप–महानगरपालिका वडा नम्बर ४ चटकपुरस्थित आगलागी भएको फर्निचर उद्योग स्थलमा अवलोकन गर्दै प्रदेश प्रमुख डा.अहिराज ।


फागुन २८ गते शुक्रबार जनकपुरधामको ऐतिहासिक सरस्वती नमुना माध्यमिक विद्यालयमा कक्षा १ का विद्यार्थीहरुलाई पढाउँदै प्रदेश प्रमुख डा.अहिराज ।



फागुन २९ गते शनिबार जानकी मन्दिर म्युजियमको अवलोकन तथा भ्रमणका लागि टिकट खरिद गर्दै प्रदेश प्रमुख डा.अहिराज ।


चैत १ गते आइतबार मदरसाका विद्यार्थीहरू प्रदेश प्रमुख डा.अहिराज । उनले मदरसामा भइरहेको पढाइका बारेसमेत जानकारी लिएका थिए ।


चैत २ गते सोमबार वरिष्ठ साहित्यकार डा.राजेन्द्र विमललाई नेपालको लोगो लगाई सम्मान गर्दै ।


महोतरीको पिपरा गाउँपालिकास्थित सहोडबा गाउँबाट अपहरित झा दम्पतिको खोजबिनका लागि नागरिक अगुवाहरूको ज्ञापनपत्र बुझ्दै ।


मधेश आन्दोलनका अगुवा नेता तथा युवाहरूलाई सम्मानपश्चात् सामूहिक तस्वीरमा डा.अहिराज ।


प्रदेश २ को सरकारमा महिला सहभागिताको माग गर्दै अन्तरपार्टी महिला सञ्जाल प्रदेश प्रमुख डा.अहिराजलाई ज्ञापनपत्र बुझाउँदै ।

# प्रदेश प्रमुख...



बीबीसी प्रोफेसनल युके–२०२० का उपविजेता सन्तोष साहलाई सम्मान गर्दै प्रदेश प्रमुख डा. अहिराज ।



प्रदेश लोक सभा आयोगद्वारा प्रस्तुत प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख डा. अहिराज । प्रदेश लोकसभा आयोगको प्रतिवेदनको स्वागतसमेत गरेका छन् ।



नन–प्याब्सनका टीमसँग छलफलपश्चात् सामूहिक तस्वीर । नन–प्याब्सनले प्रदेश प्रमुख अहिराजलाई स्वागतसमेत गरेको थियो ।



सिरहाको गोलबजार नजिक गुरूधाम गाउँका तरकारी किसानसँग खेतमै सम्वाद । किसानका पीडा सुन्नुका साथै सम्मानसमेत गर्दै ।




मुस्लिम आयोगका अध्यक्ष समीम अन्सारीसँग भेटघाटपश्चात् आयोगको प्रतिवेदन सार्वजनिक गर्दै ।



किसानसँग भलाकुसारी गर्दै प्रदेश प्रमुख डा.अहिराज ।



वरिष्ठ लोकतन्त्रवादी नेता भरत विमल यादवको घरमै पुगेर प्रदेश प्रमुख डा.अहिराज सम्मान गर्दै ।



जनकपुरको पिडारी चोकमा सरसफाई गर्दै । युवा विकास संस्थाको पहल र प्रमुखको सक्रियतामा कुनामा थुप्रिएको फोहोर सफाई गर्दै



बैंकर्सहरूसँग छलफल गर्दै प्रदेश प्रमुख डा.अहिराज ।



प्रदेश १ का प्रमुख सोमनाथ अधिकारीलाई मायाको चिनोस्वरूप जानकी मन्दिरको तस्वीर उपहार दिँदै ।

## मधेश अपडेट

### बर्मा स्मृति पत्रकारिता पुरस्कार स्थापना

मणि प्रसाद गैह्रे, कपिलवस्तु । मधेशी पत्रकार समाज कपिलवस्तु शाखाद्वारा पत्रकार स्वर्गीय बनारसी बर्मा स्मृति पत्रकारिता पुरस्कार प्रदान गर्न अक्षयकोष स्थापना गरेको छ । जिल्लाको कपिलवस्तु नगरपालिका-१ तौलिहवा निवासी बर्माको स्मृतिमा मधेशी पत्रकार समाज जिल्ला शाखाले अक्षयकोष स्थापना गरेको हो । अक्षयकोषका लागि मधेशी पत्रकार समाज कपिलवस्तुका अध्यक्ष रमेश मिश्रले ५० हजार एक सय रूपैयाँबाट घोषणा गरेका छन् । सोही क्रममा मधेश मनाव अधिकार गृहका अध्यक्ष रविन्द्रनाथ ठाकुरले १० हजार १ सय, नेपाल प्रेस युनियनका सभापति गोपाल भण्डारीले ५ हजार एक सय, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष भेषराज पाण्डेले रेडियो बुद्ध आवाजबाट ५ हजार एक सय सहयोग गरेका छन् । त्यस्तै नेपाल निर्माण व्यवसायी महासंघ लुम्बिनी प्रदेशका उप महासचिव दिनेश हमालले ५ हजार एक सय, रेडियो तिलौराकोटका अध्यक्ष अनिल तिवारीले ५ हजार एक सय र निल खबरकार शुरेश कुमार पाण्डेले ५ हजार एक सय सहयोग गरेका छन् । यो अक्षयकोष स्थापना गर्न १० लाखको लक्ष्य लिएको समाजका अध्यक्ष मिश्रले बताए । सो रकमको प्राप्त ब्याजबाट प्रत्येक वर्ष एक जना उत्कृष्ट पत्रकारलाई पुरस्कृत गर्ने उनले बताए । मधेशी पत्रकार समाजका केन्द्रीय वरिष्ठ उपाध्यक्षसमेत रहेका बर्मा विगत ३ दशकदेखि पत्रकारिता पेशामा अबद्ध रहेका थिए । उनी नेपाल टेलिभिजनमा विगत २ दशकदेखि कार्यरत रहेका थिए । उनले मधेशी युवाहरूको हक अधिकारका संरक्षण तथा पत्रकारीतामा अकार्षित गराउन अग्रणी भूमिका निर्वाह गरिरहेका थिए । उनको स्वर्गरोहण गत भाद्र २२ गते भएको थियो । मधेशी पत्रकार समाजले आयोजना गरेको पत्रकार भेला तथा सम्मान कार्यक्रममा अक्षयकोष स्थापना गरेको हो । समाजले ५ जनालाई सम्मान समेत गरेको छ ।

### दुर्गाभगवती गाउँपालिकाको भवन बन्ने

रौतहट । रौतहटको दुर्गाभगवती गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण हुने भएको छ । दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष अरूणकुमार साहको बिशेष पहलमा संघीय सरकारको ६० प्रतिशत तथा गाउँपालिकाको ४० प्रतिशत लागतमा यसै आर्थिक बर्षदेखि प्रशासकिय भवनको निर्माण कार्य शुरू हुने भएको हो । २०७८ बैशाखमा सिलान्यास गरी तीन तले प्रशासकीय भवनको निर्माण कार्य अगाडि बढाइने गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत जगतप्रसाद साहले बताए । प्रशासकीय भवनको कुल लागत आठ करोड ५५ लाख रहेको तथा यस आर्थिक बर्षमा १८ लाख संघ सरकारले बिनियोजन गरेको उनले बताए । आफ्नै प्रशासकीय भवन निर्माण भएपछि गाउँपालिकाको कामकारबाहीमा सहयोग पुग्ने बताइएको छ ।

### सीमा रक्षामा कुनै कमजोरी हुँदैन : डीआईजी

विराटनगर । सशस्त्र प्रहरी बल प्रदेश १ का प्रमुख डीआईजी वंशीराज दाहालले दुई देशबीचको अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा गर्ने सवालमा कुनै पनि कमजोरी हुन नदिने प्रतिवद्धता जनाएका छन् । ‘सीमा क्षेत्रको दशगजा हाम्रो पनि गौरवको विषय हो । सीमाको रक्षा गरेर आफ्नो भूमिको संरक्षण गर्ने जिम्मेवारी पाउँदा सशस्त्र प्रहरीले गर्व महसुस गरिरहेको छ,’ उनले भने, ‘त्यही भएकाले सीमा सुरक्षाका सवालमा कुनै पनि सम्झौता हुने छैन । आफ्नो जिम्मेवारी पूरा गर्न सशस्त्र सधैं संवेदनशील छ ।’ नेपाल-भारत सीमा क्षेत्र अन्तर्गत मोरङको सुनवर्षी नगरपालिका-८ सिक्टीमा स्थापना गरिएको नयाँ बीओपी (बोर्डर आउट पोस्ट) को उद्‌घाटन कार्यक्रममा बोल्दै आइतबार दाहालले सीमाको सुरक्षाका लागि कुनै पनि कसर बाँकी नराखिने स्पष्ट पारे ।

### नेपाल-भारत मैत्री संघको महाधिवेशन सम्पन्न

नेपालगञ्ज । नेपाल-भारत मैत्री संघको सातौं केन्द्रीय महाधिवेशन नेपालगञ्जमा सम्पन्न भएको छ । महाधिवेशनको उदघाटन् नेपाली काँग्रेसका नेता सञ्जयकुमार गौतमले गरे । त्यस अवसरमा उनले नेपाल र भारतको सम्बन्ध बुझ्न सीमा नाकामा आए सजिलो हुने बताए । उनले राजधानीमा बसेर दुबै देशको सम्बन्ध तय गरिने गरिएकोलेनै बेला बेलामा सिमानामा समस्या आउने गरेको बताए । भारतका लागि नेपालका पूर्व राजदूत प्रा. लोकराज बरालले दुबै देशको सम्बन्ध नेपाल र भारतको सरकारले बनाएको सम्बन्ध नभई करोडौं जनताबीचको सम्बन्ध भएकाले सोही बमोजिम अगाडि बढ्नुपर्ने बताए । भारतीय राजदूतावासका प्रथम राजनीतिक सचिव रोहित मिश्राले दुबै देशका सरकारहरू परिवर्तन भइरहने कुरा भए पनि दुबै देशका जनताको सम्बन्ध भने कहिले पनि परिवर्तन नहुने खालको रहेको चर्चा गरे । महाधिवेशनमा ७७ वटै जिल्लाका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा विभिन्न व्यक्तित्वहरूलाई सम्मान पनि गरिएकको थियो ।

### मिलले चैतमसान्तभित्रै किसानको पैसा तिर्ने

रौतहट । गरूडामा रहेको श्रीराम सुगर मिलले चैत्र मसान्त भित्र रूखुको बाँकी रकम भिक्तानी गर्न सहमत भएको छ । मिलले तीन करोड भन्दा बढी रकम तिर्न बाकी रहेको छ । आइतबार स्थानीय प्रशासन, उखु उत्पादक संघ र मिल प्रशासनबीच बाँकी रकम किसानलाई भुक्तानी गर्ने सहमति भएको हो । आर्थिक वर्ष २०७१/०७२ को तीन करोड ,२२ लाख ६ हजार, आव २०७५/०७६ को ९६ हजार, आव २०७६/०७७ को ७२ हजार गरी तीन करोड ,२३ लाख, ७५ हजार करीव किसानको पैसा भुक्तानी गर्न बाकी रहेको छ । रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, उखु उत्पादक संघका अध्यक्ष अशोक यादव, श्रीराम सुगर मिलका महाप्रबन्धक नरेन्द्र कुमार गुप्तासहित जिल्ला स्थित सुरक्षा प्रमुखहरू, उखु उत्पादक संघका पदाधिकारी, मिलका कर्मचारीबीच रकम भुक्तानी गर्ने सहमती भएको हो । चैत्र मसान्त सम्म भुक्तानी लिन आउनेलाई यसअघि कै सहमती अनुसार दिने, बैशाखबाट पाक्षिकरूपमा भुक्तानी गर्ने, त्यसपछि भुक्तानी बाँकी रहेकाको रकम श्रीराम सुगर मिलको खातामा राख्ने र किसानले बाहेक अन्यले झिम्न नपाउने गरी जिल्ला प्रशासन कार्यालयले खाता रोक्का गर्ने निर्णय भएको रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए ।

### ‘गठबन्धन बनाउन राजेन्द्र महतो बाधक’

जनकपुरधाम । नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य तथा पूर्वमन्त्री मातृकाप्रसाद यादवले माओवादीले कुनै विकल्प तयार पारेर मात्र केपी शर्मा ओली सरकारको समर्थन फिर्ता लिने बताएका छन् । जनकपुरमा सोमबार नेकपा माओवादी केन्द्र धनुषाले आयोजना गरेको जनयुद्धका सहिद अजवलाल यादवको १९ औं स्मृतिसभालाई सम्बोधन गर्दै नेता यादवले प्रधानमन्त्री ओलीको विकल्पमा गठबन्धन तयार हुने बताए । ‘सम्भावना छ, ओलीको विकल्पको गठबन्धन तयार हुन्छ । विकल्प तयारी भए लगतै माओवादीले सरकालाई दिएको विश्वासको मत फिर्ता लिन्छ’, नेता यादवले भने ‘तर गठबन्धनको सबभन्दा ठूलो बाधक जसपाकै एकगुट राजेन्द्र महतो गुट भएका छन् ।’ जसपालाई प्रतिगमनको विरूद्धमा मोर्चा बनाउन तल्लोस्तरबाट दबाब सृजना गर्ने वातावरण बनाउनु पर्नेमा यादवको जोड छ । प्रधानमन्त्री ओलीले महतोलाई आफूले जिताइदिएको र फेरि पनि जित्नु छ भने सँगै जाउँ भनेकाले उनी ओलीसँग जान चाहेको नेता यादवले खुलासा गरे ।

### मोरङको तीन स्थानमा विओपी स्थापना

विराटनगर । मोरङको तीन स्थानमा शशस्त्र प्रहरीको विओपी स्थापना गरिएको छ । आइतबार मोरङको सुनववर्षी, रंगेली र रतुवामाई नगरपालिकाका विभिन्न स्थानमा वीओपी सञ्चालनमा ल्याइएको हो । सीमा क्षेत्रको सुरक्षाका लागि स्थापना गरिएको शसस्त्र प्रहरीको तीन वटा विओपीको मोरङको सुनवर्षी स्थित सिकटीमा उद्धाटन गरिएको छ । सुनवर्षीको सिकटी विओपीमा एक कार्यक्रमको आयोजना गरी सुनवर्षी नगरपालिकाका मेयर कालीप्रसादलाल दास र मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले संयुक्त रूपमा सिकटी, धनापट्टी र मिर्चाडाँगी विओपीको उद्धाटन गरे । उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्दै सुनवर्षी नगरपालिकाका मेयर कालीप्रसादलाल दासले सुरक्षा नहुँदा बर्षौंदेखि पिडीत भएका जनतालाई शसस्त्रको विओपी स्थापना भएपछि राहत मिलेको बताए । उनले भने‘ विओपी स्थापना पछि सीमा क्षेत्रका जनतालाई सुरक्षाको प्रत्याभूति भएको छ ।’ संघिय सरकारले बजेट नपठाए पनि संसद विकास कोष, नगरपालिका र स्थानियको सहयोगमा शसस्त्रको विओपी स्थापना गर्न सफल भएको जानकारी दिए ।

### शहिद परिवारलाई कृषि उपकरण सहयोग

वीरगन्ज । मधेश आन्दोलनका शहिद दिपेन्द्र साहको परिवारलाई प्रदेश नम्बर २ का भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले कृषि उपकरण सहयोग गरेका छन् । २०६३/६४ को प्रथम मधेश आन्दोलनका क्रममा वीरगन्जमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर पर्साको विन्दवासीनी गाँउपालिका ४ मधवलका दिपेन्द्र साहले शहादत प्राप्त गरेका थिए । सहिद दिपेन्द्रको परिवारलाई कृषि कर्ममा सहयोग पुगोस् भनेर मन्त्री सोनलले करिब ५० हजार रूपैयाँ मूल्यको पम्पसेट प्रदान गरेका हुन् । मन्त्री सोनलले आफ्नो निजी खर्चमा पम्पसेट खरिद गरेर शहिद दिपेन्द्रकी आमा राजकुमारी देवी र पत्नी सिता देवीलाई दिएको मन्त्री सोनलका स्वकीय सचिव सन्तोष यादवले बताए । शहिद पत्नी सीता देवीका अनुसार, गत माघ ५ गते शहिद दिवस मनाउन प्रदेश सरकारको आग्रहमा जनकपुर गएका बेला मन्त्री सोनलसँग भेटेर उनले सिंचाइका लागि पम्पसेट नहुँदा समस्या भएको बताएकी थिइन् ।

### महसुल नतिर्ने ग्राहकको धारा बन्द गरिदै

लहान । नेपाल खानेपानी संस्थान लहानले महसुल नतिर्ने ग्राहकको धारा बन्द गर्न शुरूआत गरेको छ । धाराको पानी उपभोग गर्ने तर महसुल नतिर्ने परिपाटी अन्त्य गर्न सो कार्य शुरू गरेको हो । संस्थानले ग्राहकबाट रू ७५ लाख ६८ हजार ९६९ बक्यौता रकम उठाउन बाँकी रहेको जनाएको छ । एउटै ग्राहकबाट रू एक लाखसम्म बक्यौता उठाउन बाँकी रहेको जनाइएको छ । बक्यौता धेरै बाँकी रहेकाले आपूर्ति बन्द गरेर बक्यौता असुल गर्ने योजना बनाइएको संस्थान लहानका प्रमुख शिरिष राजभण्डारीले जानकारी दिए ।संस्थानका अनुसार केशव कोइराला, वीरेन्द्रप्रसाद यादव र जिवछ महतोबाट रू एक लाखभन्दा बढी बक्यौता उठाउन बाँकी छ । यस्तै पूर्व उपसभामुख चित्रलेखा यादवबाट रू ४० हजार, दामोदर उपाध्यायबाट रू ७० हजार, नेवकीबती चौधरीबाट रू ७५ हजार, परशुराम चौधरीबाट रू ४३ हजार, एकलाश कुमारी यादवबाट रू ५४ हजार, मोहनदास तत्माबाट रू ५७ हजार बक्यौता रहेको उनले जानकारी दिए । त्यस्तै सडक विभाग लहानबाट रू ४२ हजार, लहानस्थित यान्त्रिक कार्यालयबाट रू १३ हजार र लहान नगरपालिकाबाट रू १३ हजार बक्यौता उठाउन बाँकी रहेको छ । पछिल्लो समय महसुल नबुझाउने प्रवृत्ति बढ्दै गएको जनाइएको छ ।

# बेपता झा दम्पतीको शव भेटियो



जनकपुरधाम । बेपता भएका महोत्तरीको झा दम्पतिको शव तीन सातापछि फेला परेको छ । जिल्लाको पिपरा गाउँपालिका वडा नम्बर २ अतरार गाउँमा बोरामा बेरेर गाडिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । घटनास्थलमा नेपाल प्रहरी र केन्द्रीय अनुसन्धान व्यूरो दुबैको टोली पुगेका छन् । पिपराबाट अतरार जाने बाटो निर्माण भइरहेको क्रममा डोजरले माटो खन्ने क्रममा बोरामा बाँधिएको अवस्थामा मानव कंकाल सहितको पुरूषको शव निस्केको थियो ।

वरिपरि गन्ध आएपछि शव हुने आशंकामा बाटो निर्माणमा काम गर्ने मजदूरहरूले प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा प्रहरी पुगेर बोरा खोलेर हेर्दा पुरूषको टाउको काटिएको अवस्थामा देखिएपछि पुनः प्रहरी र स्थानीयको सहयोगमा माटो खन्दा महिलाको शव पनि भेटिएको प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरिक्षक दिनेश आचार्यले बताए ।

हत्या भएको धेरै समय भइसकेको कारण शव गलिसकेको कारण यकिन हुन सकेको छैन शवलाई फोरोन्सिक ल्याबमा शव पठाएपछि त्यहाँबाटै मात्रै पुष्टि हुन सक्छ । तर घटनाको प्रकृति र झा दम्पतिका आफन्तले दाबी गरे अनुसार मुसाफिर र गीता देवीकै शव हुन सक्ने उनले बताए । झा दम्पतिको हत्या आरोपमा प्रहरीले एक भारतीय नागरिक सहित ४ जनालाई आइतबार नै पक्राउ गरिसकेको छ ।

प्रहरीले पिपरा गाउंपालिका ५ सहोडवा निवासी रामबाबु यादव, सुरेन्द्र यादव, राजेन्द्र यादव र भारतीय नागरिक बिहार राज्यको मधुबनी जिल्ला तरैया ग्राम पंचायतका हरेन्द्र ठाकुर पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय महोत्तरीले बेपत्ता भएका दम्पतीको अवस्था सार्वजनिक गर्न नसकेपछि सीआइबीले अनुसन्धान थालेको २ दिन नबित्दै चारै जनालाई घटनामा संलग्न रहेको आशंकामा तिनीहरूलाई पक्राउ गरिएको थियो ।

अभियुक्त मध्येका रामबाबुसँग झा दम्पतिबीच जग्गा सम्बन्धी विवादले पटक पटक झै झग्डा भएको र घटनास्थलमा वेपता दम्पतिको कोठादेखि रामबाबुको घरसम्म र उनको घरको गेटमा रगतको छिटा देखिएपछि प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको थियो । जग्गा विवादका कारण झा दम्पतिको हत्या भएको र आरोपितहरूले कसूर स्वीकार गरिसकेको प्रहरीको दाबी छ ।

# सीमावर्ती भारतीय शहर जान रोक

नेपालगञ्ज । जिल्ला प्रशासन कार्यालय बाँकेले भारतमा कोरोना सङ्क्रमणको जोखिम बढ्दै गएपछि किनमेलका लागि भारतीय सीमावर्ती शहर रूपैडिया जान रोक लगाएको छ ।

भारतबाट कोरोना सङ्क्रमण नेपाल भित्रिन सक्ने सम्भावनालाई मध्यनजर गरी सर्वसाधारणलाई किनमेलका लागि रूपैडिया जान रोक लगाइएको प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरूम्बाङले जानकारी दिए ।

उनका अनुसार जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसी)को बैठकले भारतीय सीमाबजार रूपैडियामा किनमेलका लागि जान रोक लगाउने निर्णय गरेको हो । बेठकले स्वास्थ्य जाँच गरेर मात्र नेपाल भित्रिन दिने र कोरोना सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्न मास्क तथा स्यानिटाइजरको प्रयोग गर्ने गराउने निर्णय समेत गरेको छ ।

लक्षण देखिएका बिरामीको एन्टिजीन परीक्षण गरी सामान्य अवस्थाका यात्रुलाई १० दिन अनिवार्य होम क्वारेन्टिनमा बस्ने गरी घर पठाउने र सिकिस्त बिरामीलाई सिधै भेरी अस्पतालमा पठाउने निर्णय भएको प्रजिअ कुरूम्बाङले जानकारी दिए ।

अनावश्यकरूपमा भीडभाड नगर्न र स्वास्थ्य मापदण्ड पूरा गरेर मात्र सभा, सम्मेलन, गोष्ठी र सेमिनार गर्न पनि डिसिसिएमसीले आग्रह गरेको कोभिड जिल्ला स्रोतव्यक्ति तेज ओलीले जानकारी दिए ।

उनका अनुसार कोरोना सङ्क्रमणलाई रोकथाम तथा नियन्त्रणका लागि बाँकेका आठवटै स्थानीय तहलाई क्वारेन्टिन निर्माणलगायतका आवश्यक काम अघि बढाउन जिल्ला कोभिड व्यवस्थापन समितिले निर्देशन दिएको छ । भारतबाट आएका नागरिकलाई जमुनाह नाकामा स्थापना गरिएको स्वास्थ्य जाँचकक्षमा जाँच गरी १० दिन क्वारेन्टिनमा राख्नुपर्ने र भेरी अस्पताललगायतका स्वास्थ्य संस्थामा रहेका आइसोलेशनलाई प्रभावकारी बनाउने जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रले निर्णय गरेको छ ।

भारतबाट नेपाल फर्किने सर्वसाधारणको स्वास्थ्य जाँचको लागि नेपालगञ्ज उपमहानगरपालिकाले जमुनाह नाकामा सुविधासम्पन्न स्वास्थ्यकक्ष स्थापना गरेको छ । जिल्ला जनस्वास्थ्य कार्यालयसँगको सहकार्यमा नेपालगञ्ज उपमहानगरपालिकाले नाकामा स्वास्थ्य कक्ष स्थापना गरेर कोरोना परीक्षण शुरू गरेको उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामबहादुर चन्दले जानकारी दिए । उनका अनुसार जमुनाह नाकामा स्वाब लिएको १५ मिनेटमा कोरोनाको रिपोर्ट निकाल्ने प्रविधिसहितको स्वास्थ्यकक्ष सञ्चालनमा आएको छ । बुधबार पहिलो दिन मुम्बई, दिल्ली, महाराष्ट्रलगायतका शहरबाट आएका १० नेपालीको कोरोना परीक्षण गरिएकामा सबैको रिपोर्ट नेगेटिभ आएको थियो ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### निकासी पैठारी अनुगमन गर्न संसदीय समिति

जनकपुरधाम । प्रदेश २ मा भारतीय सीमा नाकामा हुने निकासी पैठारीको अनुगमन तथा निरीक्षणका लागि संसदीय उपसमिति गठन भएको छ । प्रदेश मामिला समितिको बैठकले भारतीय सीमा नाकामा हुने निकासी पैठारी अवलोलकन गर्न प्रदेशसभा सदस्य अशोककुमार यादवको संयोजकत्वमा ६ सदस्यीय उपसमिति गठन भएको हो । समिति सदस्यहरूमा प्रदेशसभा सदस्यहरू रामसरोज यादव, जगतारण देवी, रमेशकुमार पटेल, रिना यादव र सावित्री देवी साह रहेका छन् । आगामी चैत १३ गतेबाट पर्सा जिल्लाबाट अनुगमन थाल्ने समितिले निर्णय गरेको छ । सरसामान निकासी तथा पैठारीको क्रममा प्रदेशका आमजनता तथा व्यापारीले खेप्नु परेको समस्या बुझेर सामाधानको उपाय निकाल्न समितिले अनुगमनको निर्णय गरेको जनाएको छ ।

### बाँकेमा चरेशसहित तीन जना पक्राउ

बाँके । कोहलपुर नगरपालिका-१० स्थितबाट १ केजी अवैध लागूऔषध चरेश सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ पक्राउ पर्नेहरूमा कोहलपुर नगरपालिका-११ बस्ने ३५ वर्षीय बिश्व बहादुर परियार, राप्तिसोनारी गाउँपालिका-३ बस्ने २८ वर्षीय आन्नद खड्का र सोही ठाउँ बस्ने २० वर्षीय कैलाश शाही रहेका छन् । नेपालगंजबाट कोहलपुरतर्फ आउँदै गरेको बा.६ च ७५७१ नम्बरको टाटा जेनिस गाडीलाई ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले जाँच गर्दा गाडीमा सवार उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### खैरो हेरोइनसहित दुई जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-१ पुष्पलाल चोकबाट २ ग्राम ५ सय ६० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार राति पक्राउ पर्नेहरूमा धनगढी उपमहानगरपालिका-१ बस्ने २२ वर्षीय सम्रौ घिमिरे र सोही उपमहानगरपालिका-४ बस्ने २९ वर्षीय सिद्धार्थ बडैला रहेका छन् । प्रदेश प्रहरी कार्यालय दिपायल र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### पेस्तोलसहित एक जना पक्राउ

धनुषा । गणेशमानचारनाथ नगरपालिका-९ जयनगर बस्ने ३२ वर्षीय प्रमोद कुमार यादवलाई पेस्तोल १ थान सहित प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ गोप्य सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय सवैला र प्रहरी चौकी बरमझियाबाट खटिएको प्रहरीले उनको घर तलासी लिने क्रममा कपडाले बेरी लुकाई राखेको उक्त पेस्तोल फेला पारी उनलाई पक्राउ गरेको हो ।

### स्रोत नखुलेको ६ लाख रूपैयाासहित पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट स्रोत नखुलेको करिब ६ लाख रूपैयाँसहित एक जना पक्राउ परेका छन् । रौतहट कटहरिया नगरपालिका-१ बस्ने २५ वर्षीय मुकेश कुमार यादवलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्र.३-००२ प २३७२ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी ईनरूवाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकल चालक यादबलाई उक्त स्रोत नखुलेको रूपैयाँ सहित फेला पारी पक्राउ गरेको हो ।

### सवारी ज्यान मुद्धाका फरार अभियुक्त पक्राउ

कैलाली । सवारी ज्यान मुद्दाका फरार अभियुक्त जोशीपुर गाउँपालिका-६ लोखरी बस्ने ३४ वर्षीय उमेश भन्ने उपेन्द्र स्वारलाई प्रहरीले पक्राउ गरेको छ । २०५९ फागुन ३० गते से.१ त ११४१ नम्बरको ट्याक्टरले च्यापिएर जोशीपुर गाउँपालिक-६ लोखरी बस्ने धनिराम डगौराको मृत्यु भएको घटनामा संलग्न रही फरार रहेका ट्याक्टरका चालक उपेन्द्र स्वारलाई शनिबार दिउँसो ईलाका प्रहरी कार्यालय भजनीबाट खटिएको प्रहरीले जोशीपुर गाउँपालिका-६ लोखरी गाउँमा लुकीछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

### मोरङमा सवारी दुर्घटनामा दुईको मृत्यु

मोरङ । मोरङमा दुई छुट्टाछुट्टै दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । कटहरी गाउँपालिका-३ स्थित सडकमा को.१ ख ४७८३ नम्बरको टिपरको ठक्करबाट साईकलयात्री सोही गाउँपालिका-२ बस्ने ३६ वर्षीय बच्चु डुमको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी मोरङ, सुन्दरहरैचा नगरपालिका-५ दुलारीस्थित सडकमा को.१८ प १८०२ नम्बरको मोटरसाइकलको ठक्करबाट साइकलयात्री मोरङ सुन्दरहरैचा नगरपालिका-६ बस्ने ५५ वर्षीय ईन्द्र बहादुर श्रेष्ठको आइतबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका मोटरसाइकल चालकको सुनसरी ईटहरी उपमहानगरपालिका-५ बस्ने २६ वर्षीय सेवन कोईरालाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### बसको ठक्कर दिादा एक जनाको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-१ स्थित सडकमा ग.१ ख ६४४७ नम्बरको बसले प्रदेश २-०३-०११ प ७८७९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक चन्द्रपुर नगरपालिका-१ बागमती डाँडाटोल बस्ने ३४ वर्षीय कुमार लुङ्गेलीको मृत्यु भएको छ । आइतबार राति दुर्घटनामा गम्भीर घाइते भएका उनको चपुरस्थित चपुर प्रालि अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका सोही ठाउँ बस्ने २७ वर्षीय जय बहादुर दर्लामीको सोही अस्पताल हुँदै थप उपचारको लागि नेशनल मेडिकल कलेज वीरगंजतर्फ रिफर गरिएको छ । बस चालकलाई प्रहरीले नियन्त्रणा लिएको छ ।

### रेलको समझदारी पत्र स्वीकृत

काठमाडौं । मन्त्रिपरिषद् बैठकले भारतको रक्सौलदेखि काठमाडौंसम्म ब्रोडगेज रेलमार्ग निर्माणका लागि भारत सरकारसँग हुने समझदारी पत्रलाई स्वीकृत गरेको छ । समझदारी पत्रमा हस्ताक्षर गर्न भने रेल विभागका महानिर्देशकलाई अख्तियारी दिइने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रस्तावमा सरकारले उक्त निर्णय गरेको हो ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**


16-49, Madheshvani, Chait-13, 2077.pmd 6 3/26/2021, 11:06 AM

## विश्व परिवेश

# सम्बन्ध सुधारको बाटोमा भारत-पाकिस्तान

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानको राष्ट्रिय दिवसको अवसरमा प्रधानमन्त्री इमरान खानलाई शुभकामना सन्देश पठाएका छन् । पाकिस्तानमा २३ मार्चलाई राष्ट्रिय दिवसका रूपमा मनाउने गरिन्छ ।

सोही अवसरमा मोदीले पाकिस्तानी समकक्षीलाई शुभकामना सन्देश पठाएका हुन् । मोदीले उक्त सन्देश सोमबार नै पठाएको भए पनि मंगलबार मात्र सार्वजनिक भएको हो । मोदीको शुभकामनालाई भारत



र पाकिस्तानबीच सम्बन्ध सुधारका लागि हालैका दिनमा भइरहेका प्रयासकै एउटा कडीका रूपमा हेरिएको छ ।

शुभकामना सन्देशमा मोदीले एउटा छिमेकीका रूपमा भारत पाकिस्तानी जनतासँग हार्दिक सम्बन्ध राख्न चाहेको उल्लेख गरेका छन् । तर, त्यसका लागि विश्वासको वातावरण अनिवार्य भएको मोदीको भनाइ छ । 'एउटा छिमेकी मुलुकका नाताले भारत पाकिस्तानी जनतासँग हार्दिक सम्बन्धको चाहना राख्छ । त्यसका लागि आतंक र शत्रुतारहित विश्वासको वातावरण अनिवार्य हुन्छ,' मोदीले भनेका छन् । साथै उनले पाकिस्तानी प्रधानमन्त्री खानलाई कोरोना महामारीको चुनौती सामना गर्नका लागि शुभकामना समेत दिएका छन् ।

मोदीले शुभकामना पठाएकै भोलिपल्ट (मंगलबार) देखि दिल्लीमा सिन्धु नदीको पानी बाँडफाँडसम्बन्धी भारत र पाकिस्तान उच्चस्तरीय आयोगको दुई दिने बैठक समेत सुरू भएको छ । जलस्रोतका उच्चअधिकारीहरूको यो बैठक प्रत्येक वर्ष हुनुपर्ने भए पनि दुई देशबीचको असहज सम्बन्धका कारण साढे दुई वर्षपछि मात्र हुन लागेको हो ।

# १० लाख भारतीय ग्रामीण महिलालाई गुगलले उद्यमी बनाउन सहयोग गर्ने

नयाँ दिल्ली । इन्टरनेट जायन्ट गुगल इन्कले भारतका १० लाख ग्रामीण महिलालाई उद्यमी बनाउन सहयोग गर्ने जनाएको छ। उनीहरूको आकांक्षालाई सम्बोधन गर्दै जीविका सुधार गर्न सहयोग पुऱ्याउन गुगलले जनाएको हो । अन्तर्राष्ट्रिय महिला दिवसमा गुगलले 'महिला विल' वेब प्लेटफर्मको माध्यमबाट भारतका महिला उद्यमी बनाउन सहयोग गर्ने बताएको हो ।

गुगलले बिहार, हिमाञ्चल प्रदेश, हरियाणा, राजस्थान, उत्तराखण्ड र उत्तर प्रदेशका १० लाख महिला कृषि श्रमिकहरूलाई डिजिटल र वित्तीय साक्षरतामा तालिम दिन नासमक फाउण्डेशनलाई पाँच लाख अमेरिकी डलर अनुदान घोषणा गरेको छ । फाउन्डेसनले एक हेल्पलाइन स्थापना गर्ने र त्यहाँ महिलाले आफ्नो उद्यमशीलता सम्बन्धित प्रश्नहरूमा परामर्श लिन सक्ने बताइएको छ ।

अंग्रेजी र हिन्दीमा उपलब्ध, महिला विल प्लेटफर्म उद्यमशिलता बढाउन चाहने महिलाहरूको लागि डिजाइन गरिएको हो । यहाँ गुगलले २,००० 'इन्टरनेट साथीहरू' सँग काम गर्नेछ र अन्य महिलालाई उनीहरूको उद्यमशीलता यात्रा सुरू गर्न यस संसाधनको साथ मद्दत गर्ने जनाइएको छ ।

२०१५ मा सुरू भएको यो कार्यक्रम टाटा ट्रस्टको सहयोगमा भारतका तीन लाख गाउँहरूमा महिलाहरूलाई डिजिटल साक्षरता प्रशिक्षण दिन डिजाइन गरिएको थियो। यस प्रयासले ६ बर्षमा ८० हजारभन्दा बढी महिला इन्टरनेटद्वारा प्रदान गरिएको प्रशिक्षणबाट लाभान्वित भएको गुगलले जनाएको छ ।

# भारतमा विज्ञान र प्रविधि क्षेत्रमा मोदीले दिलाए सफलता

जम्मू-काश्मीर । विज्ञान र प्रविधि क्षेत्र उन्नतिका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग क्रान्तिकारी निर्णय लिन सक्ने क्षमता भएको भारतको उत्तर पूर्वी क्षेत्र विकासका लागि सङ्घीय मन्त्री जितेन्द्र सिंहले बताएका छन्। भारतमा विज्ञान र प्रविधि क्षेत्रमा प्रधानमन्त्री मोदीले ठूलो परिवर्तन र प्रगति गरेको सङ्घीय मन्त्री सिंहले बताए। प्राविधिक र वैज्ञानिक क्षेत्रमा प्रधानमन्त्री मोदीले क्रान्तिकारी निर्णय लिन सक्ने पनि उनले बताए ।

राष्ट्रिय विज्ञान दिवसको अवसरमा जम्मू विश्वविद्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सिंहले स्मार्ट सहर परियोजना, कृषि प्रविधि, रेलवे प्रविधि, सङ्कट व्यवस्थापन जस्ता विभिन्न क्षेत्रमा अन्तरिक्ष प्रविधि जोडिएको र भारतको हरेक घरमा अन्तरिक्ष प्रविधिले प्रभाव पारेको बताए ।

प्रधानमन्त्री मोदीको सरकारले अन्तरिक्ष प्रविधिमा उल्लेख्य विकास गरिरहेको र भारतले गगन यान मिसन अन्तर्गत अन्तरिक्षमा मानव जाति पठाउने तयारी गरिरहेको उनले बताए ।

प्रधानमन्त्री मोदीको सरकारले विगत ७ वर्षयता प्रविधि र विज्ञान क्षेत्रलाई महत्त्व दिएर काम गरिरहेको उनको भनाई छ । वैज्ञानिक अध्ययनका लागि सरकारको नयाँ राष्ट्रिय शिक्षा नीतिको पनि उनले प्रशंसा गरे । त्यस्तै, भारतले चिकित्सा क्षेत्रमा विकसित मुलुकहरू लाई समेत कोभिड-१९ विरूद्धको खोप निर्यात गरिरहेको र यसले भारतको वैज्ञानिक र प्राविधिक सफलता संसारभर दर्साएको मन्त्री सिंहले बताए ।

## खोप निर्यातमा भारतले लगायो रोक

नयाँदिल्ली । भारतले अक्सफोर्ड-एष्ट्राजेनिका कोरोनाभाइरसविरूद्धको खोप निर्यातमा अस्थायी रोक लगाएको छ । बढ्दो संक्रमणका कारण आगामी केही साता भारतमा आन्तरिक खपत बढ्ने भन्दै खोप निर्यातमा अस्थायी रोक लगाएको हो । यो निर्णय बिहीबारदेखि नै लागु हुने भारतीय विदेश मन्त्रालयलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । भारतको यो कदमले विशेषगरी कोभ्याक्स कार्यक्रमलाई प्रभावित गर्ने अनुमान गरिएको छ । कोभ्याक्स कोरोनाविरूद्धको खोपमा विश्वका सबै राष्ट्रको समान पहुँच पुऱ्याउने उद्देश्यले विश्व स्वास्थ्य संगठनले सुरू गरेको खोप कार्यक्रम हो । भारतले हालसम्म ७६ देशहरूमा ६ करोडभन्दा बढी डोज कोरोनाविरूद्धको खोप निर्यात गरिसकेको छ । जसमा सबैभन्दा धेरै मात्रा अक्सफोर्ड-एष्ट्राजेनिकाकै रहेको छ । यसअघि नै भारतको सबैभन्दा ठूलो खोप उत्पादक कम्पनी सेरम इन्टिच्युट (एसआईआई)ले खोप दिन ढिलाइ गर्दा बेलायत र ब्राजिललगायतका देशहरूमा खोप कार्यक्रम प्रभावित भएको थियो ।

## भारतको गान्धी शान्ति पुरस्कार बंगलादेशका राष्ट्रपितालाई

नयाँदिल्ली । भारतीय विदेश मन्त्रालयले गान्धी शान्ति पुरस्कार घोषणा गरेको छ । सन् २०२० को पुरस्कार बंगलादेशका राष्ट्रपिता बंगबंधु शेख मुजीब उर रहमानलाई दिइने भएको हो । अहिंसात्मक र गान्धीवादी माध्यमबाट सामाजिक, आर्थिक र राजनीतिक परिवर्तन ल्याउन उनले गरेको काम मूल्यांकन गरी यो पुरस्कार दिन लागिएको हो । २०१९ मा यो पुरस्कार ओमानको सुल्तान काबूस बिन सैद अल सैदलाई दिइएको थियो । सन् १९९५ देखि भारत सरकारले गान्धी शान्ति पुरस्कार प्रदान गर्दै आएको छ । यो पुरस्कार महात्मा गान्धीको १२५ औं जयन्तीमा शुरू गरिएको थियो । यो पुरस्कार कुनै पनि राष्ट्रियता, जाति, भाषा, जाति वा धर्म-सम्प्रदायका व्यक्तिलाई दिने गरिन्छ । यस पुरस्कारको राशि १ करोड भारू र प्रशंसापत्र रहेको छ ।

# १२ महिनादेखि नेपाल-भारत यात्रुबाहक यातायात सेवा सञ्चालन ठप्प

काठमाडौं । नेपाल-भारत यात्रुबाहक यातायात बन्द भएको १२ महिना पुग्दा पनि पुनः सञ्चालन हुन सकेको छैन । कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले ११ चैत ०७६ देखि संघीय सरकारले दुई देशबीच सञ्चालन भइरहेको यातायात सेवा बन्द गरेको थियो ।

त्यसपछि स्वास्थ्य मापदण्ड अपनाएर ०७७ साउनदेखि आन्तरिक यातायात सुचारू गर्ने निर्णय गरे पनि सरकारले नेपाल-भारत यातायात भने अझसम्म खुलाएको छैन । सरकारले निर्णय नगर्दा नेपालबाट दैनिक भारत सञ्चालन हुने बस अहिले ग्यारेजमा थन्किएर बसेका त्रिसिद्धेश्वरी राप्ती यातायातका वर्ष दिनदेखि नेपाल-भारत बस सञ्चालन नहुँदा सीमानाका र त्यसवरपरका बजारसमेत प्रभावित भएको पूर्व मेची बस व्यवसायी कम्पनीका अध्यक्ष विष्णुकुमार श्रेष्ठले बताए । 'अहिले भारतीय पर्यटक शून्य जस्तै छ, यसले पर्यटन क्षेत्रलाई पनि नकारात्मक प्रभाव परिरहेको छ,' उनले भने, 'यसलाई सुधार गर्न पनि बस सञ्चालनमा ल्याउनुपर्छ ।'

अर्कोतर्फ भारतीय पक्ष पनि बस सञ्चालन गर्न चाहिरहेको बस व्यवसायीहरूको भनाइ छ। सरकारले बस सञ्चालनको निर्णय गर्नेबित्तिकै दुई देशबीच बस सुचारू हुनेछ ।

श्रम ऐन, २०७४ को पालना गरौं,

श्रमिक, आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## पूर्वउपराष्ट्रपति झाको शल्यक्रिया सफल

काठमाडौं । काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा पूर्वउपराष्ट्रपति परमानन्द झाको पित्तथैलीको सफल शल्यक्रिया गरिएको छ । ल्याप्रोस्कोपी विधिबाट शल्यक्रिया गरी पूर्वउपराष्ट्रपति झाको पित्तथैलीको पथरिया निकालिएको काठमाडौं मेडिकल कलेजले जनाएको छ । पथरीको समस्याले सताएपछि चिकित्सकको सल्लाह अनुसार शल्यक्रिया गराउन पूर्व उपराष्ट्रपति झा केएमसी भर्ना भएका थिए । केएमसीका बरिष्ठ सर्जन प्रा.डा.सुमन श्रेष्ठ, डा.प्रविन थापा, डा.युगल लिम्बू, डा.विशाल थापा लगायत चिकित्सकहरूको टोलीले सफलतापूर्वक शल्यक्रिया गरेर पित्त थैलीसहित त्यहाँ भएको पथरिया निकालेको हो । शल्यक्रिया पश्चात झाको स्वास्थ्य अवस्था सामान्य रहेको केएमसीका जेनेरल मेनेजर नारायण दाहालले जानकारी दिए । दाहालका अनुसार झालाई शुक्रबार डिस्चार्ज गर्ने तयारी गरिएको छ ।

## दोस्रो डोज लगाउने समयान्तर बढ्यो

काठमाडौं । भारतले कोरोनाविरूद्धको खोप कोभिसिल्डको दोस्रो डोज लगाउने समयान्तर बढाएको छ । यो खोप नेपालमा पनि लगाउने क्रम जारी छ । केन्द्र सरकारको निर्देशनअनुसार अब कोभिसिल्डको पहिलो डोज र दोस्रो डोज लगाउने समयको फरक ६ देखि ८ हप्तासम्म हुन जरूरी छ । अहिलेसम्म यसको अन्तर २८ दिन छ । केन्द्र सरकारका अनुसार नेसनल टेक्निकल एडभाइजरी ग्रुप अन इम्युनाइजेसन (एनटीएजीआई) र भ्याक्सिनेसन एक्पर्ट ग्रुपको ताजा रिपोर्टअनुसार निर्णय परिवर्तन गरिएको हो । जुन राज्य सरकारले कार्यान्वयन गर्नुपर्ने छ । भारतीय सञ्चारमाध्यमका अनुसार पहिलो मात्रा लगाएको ६ हप्तादेखि ८ हप्तासम्मको फरकमा दोस्रो मात्रा लगाउँदा खोपको प्रभावकारिता बढी हुने दाबी गरिएको छ ।

## जिल्ला समाचार

### डा.अहिराजले भेटे प्रमुख १ का प्रमुखलाई

विराटनगर । प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले प्रदेश नं. १ का प्रमुख सोमनाथ अधिकारी प्यासीसँग शिष्टाचार भेट गरेका छन् । बुधबार प्रदेश २ का प्रमुख डा.अहिराजले प्रदेश १ को राजधानी विराटनगरस्थित प्रदेश प्रमुख कार्यालयमा भेटघाट गरेका हुन् । सो भेटघाटको क्रममा प्रदेश प्रमुखद्वय डा.अहिराज र अधिकारबीच समसामयिक विषयमा छलफल पनि भएको बताइएको छ । अधिकारीलाई डा.अहिराजले मायाको चिनोस्वरूप जानकी मन्दिरको तस्वीरसमेत उपहार दिएका छन् । डा.अहिराजले यसअघि पनि विभिन्न प्रदेशहरूका प्रमुखसँग भेटघाट गरिसकेका छन् । सबै प्रदेशका प्रमुखहरूसँग भेटी अनुभव आदान प्रदान, प्रदेशको विकास र समृद्धिमा आफूले सक्ने योगदानका विषयमा नै छलफलहरू भइरहेको प्रदेश २ प्रमुख कार्यालयका सचिव ध्रुव गैंडाले जानकारी दिएका छन् । डा.अहिराजले छिट्टै नै सबै प्रदेशका प्रमुखहरूलाई जानकी माताको नगरी जनकपुरधाममा बोलाउने तयारी गरिरहेको उनीनिकट स्रोतले बतायो ।

### कोइरालाको ११औं स्मृति दिवस मनाइयो

कपिलवस्तु । युग पुरूष पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता स्वर्गीय गिरिजा प्रसाद कोइरालाको ११औं स्मृति दिवस कपिलवस्तुमा पनि मनाइएको छ । सहमति, सहकार्य र एकता आजको आवश्यकता भन्ने विचार गोष्ठी नेपाली कांग्रेसको जिल्ला कार्यालय तौलिहवामा कार्यक्रम राखी गिरिजा प्रसाद कोइराला फाउण्डेसनले मनाएको हो । कार्यक्रममा बोल्दै पूर्वमन्त्री एवं नेपाली कांग्रेसका पार्टी सभापति सुरेन्द्रराज आचार्यले कोइरालाले नेपाली राजनीतिमा शान्ति र सहकार्य गरी सशस्त्र द्वन्द्वमा रहेको तत्कालीन माओवादीलाई वार्तामार्फत शान्ति प्रकृयामा ल्याई नेपाललाई शान्ति प्रकृयामा ल्याएको कुरा सबैले स्मरण गरेको बताए । साथै राजा हटाउन र लोकतात्रिक गणतन्त्र स्थापनामा गर्न कोइरालाको नै योगदान भएको चर्चा गरे । कार्य्रममा पूर्वमन्त्री एवं राजदूत दिपकुमार उपाध्यायले विश्वले मानेका नेता गिरिजा बाबुका कार्यकर्ताहरूले कोइरालाको योगदानलाई आत्मसात गरि सहकार्य र एकता मार्फत समुन्नत नेपाल निर्माणमा लाग्नु पर्ने बताए ।

### कोभिड अस्पताल पुनः सञ्चालनमा आउने

विराटनगर । विराटनगर १० स्थित प्रदेश १ सरकारको कोभिड-१९ अस्पताल पुनः सञ्चालनमा आउने भएको छ । विराटनगरसहित आसपासको क्षेत्रमा कोरोनाको संक्रमण देखिन थालेपछि सो अस्पताल पुनः सञ्चालनको तयारीमा छ । केही महिनादेखि बिरामीबिहीन बनेको सो अस्पतालमा कार्यरत्त करारका कर्मचारीको करार अवधि नथपी प्रदेश सरकारले हटाएको थियो । करारका कर्मचारी हटाएको केहि दिनपछि प्रदेश १ को राजधानी विराटनगरसहित आसपासमा कोरोना संक्रमण भेटिन थालेपछि सञ्चालनको लागि मन्त्रालयले छलफल सुरू गरेको हो । प्रदेश १ को समाजिक विकास मन्त्रालयका उपसचिव एवम प्रशासन महाशाखा प्रमुख अमिका प्रसाद चौलागाईंले दोस्रो चरणमा कोरोनाको संक्रमण देखिएपछि मन्त्रालयले सञ्चालनको तयारी गरेको जानकारी दिए । उनले अस्पताल सञ्चालनमा रहेका बेला बिरामी नभएका कारण प्रदेश सरकारले नियुक्त गरेका करारका कर्मचारीको म्याद नथपेको जानकारी दिए । उनले भने, 'संक्रमण देखिएपछि मन्त्रालयले प्राविधिकसहित चिकित्सकसँग छलफल सुरू गरेको हो ।'

### पाटे बाघको छालासहित ४ जना पक्राउ

बाँके । बैजनाथ गाउँपालिका-१ च्यामास्थित सडकबाट पाटेबाघको १ थान छाला र बाघको हड्डी जस्तो देखिने २ किलो ५ सय ग्राम हड्डी सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ पक्राउ पर्नेहरूमा सुर्खेत वीरेन्द्रनगर नगरपालिका-११ ठेगाना भएका ५० वर्षीय गंग बहादुर खत्री तथा २० वर्षीय प्रकाश खत्री, दैलेख भगवतीमाई गाउँपालिका-४ ठेगाना भएका ३९ वर्षीय चन्द्र अधिकारी र जुम्ला तिला गाउँपालिका-४ ठेगाना भएका ३८ वर्षीय जयलाल नेपाली रहेका छन् । चिसापानीबाट कोहलपुरतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त ठाउँमा अवैध बाघको छाला र हड्डीको कारोवार भईरहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्दा उक्त छाला र हड्डी सहित फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि बाँके राष्ट्रिय निकुन्जको कार्यालयमा पठाइने जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### होलीमा भीडभाड नगर्न आग्रह

रूपन्देही । जिल्ला प्रशासन कार्यालय रूपन्देहीले कोभिड-१९ को संक्रमण बढ्न नदिनका लागि होली पर्वमा भिडभाड नगर्न आग्रह गरेको छ । जिल्ला प्रशासन रूपन्देहीले मंगलबार सूचना जारी गर्दै स्वास्थ्य मन्त्रालयबाट २०७७/१२/८ मा जारि बिज्ञप्तिलाइ समेत दृष्टिगत गर्दै कोभिड १९ को संक्रमण बढ्न नदिनका लागि स्यानिटाइजर, मास्क र सामाजिक दुरी मापदण्ड तथा स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गर्न/गराउन अनुरोध समेत गरेको छ ।

### मानव बेचबिखन मुद्दाका फरार अभियुक्त पक्राउ

बाँके । मानव बेचबिखन तथा ओसारपसार मुद्दाका फरार अभियुक्त नेपालगंज उपमहानगरपालिका-२१ बस्ने ३२ वर्षीय अमर क्षेत्री कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । २० वर्षीया महिलालाई २०७१ असार २८ गते मिठाईमा वेहोस बनाउने पदार्थ राखेर खान दिई वेहोस बनाएपश्चात भारतको वहराईच हुँदै लखनउ लगेर नाम थर नखुलेका व्यक्तिलाई ५० हजार रूपैयाँमा बिक्री गरेको घटनामा संलग्न रही फरार रहेका उनलाई आइतबार वडा प्रहरी कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### सीमामा उच्च सतर्कता

वीरगञ्ज । भारतमा कोरोनाको सङ्क्रमण पुनः बढ्दै गएपछि रोकथामका लागि प्रदेश २ का आठ जिल्लामा रहेका सीमा नाकामा उच्च सतर्कता अपनाइएको छ । सशस्त्र प्रहरी बल नेपाल छिन्नमस्ता बाहिनी मुख्यालय प्रदेश २ महोत्तरीका अनुसार पूर्वको सप्तरीदेखि पश्चिमको पर्सासम्म ४ सय ६४ किलोमिटर दक्षिण सीमा क्षेत्र भारतसँग जोडिएकाले उक्त नाकामा कडाइ गरी उच्च सतर्कता अपनाइएको छ । प्रदेश २ को भारतीय सीमासँग जोडिएको नाकामा ६७ बिओपी र ३५ एफओपीको पोष्ट रहेका छन् । ती पोष्टमा तैनाथ सशस्त्र प्रहरीलाई भारतबाट आउने मानिसलाई कडाइका साथ जाँच गर्ने निर्देशनसमेत दिइएको छ । सीमा क्षेत्रमा रहेको सशस्त्र प्रहरीले आठवटै जिल्लामा रहेका कोभिड सङ्कट व्यवस्थापन समिति तथा स्थानीय निकायसँग समन्वय गरी हेल्थ डेस्क राख्ने निर्देशन दिएको सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले बताए । उनले सीमा क्षेत्रमा रहेका सशस्त्र प्रहरीका युनिटले आवश्यकताअनुसार आठवटै जिल्लामा फोरवार्ड अपरेटिङ बेस खडा गरी सीमा नाकामा हेल्थ डेस्क राखेर काम गर्न निर्देशन दिएको बताए ।

### उवासंघ रूपन्देहीमा कसजु

रूपन्देही । बुटवल उद्योग वाणिज्य संघ रूपन्देहीको अध्यक्षमा उज्ज्वल प्रसाद कसजु विजयी भएका छन । संघको ६७ औं वार्षिक साधारण सभा तथा २४ औं अधिवेशनबाट अध्यक्ष पदमा कसजु निर्वाचित भएका हुन । अध्यक्ष पदमा निर्वाचित कसजुले ६६२ मत प्राप्त गरेका छन भने उनका प्रतिद्वन्द्वी हरिप्रसाद अर्यालले ४८३ मत प्राप्त गरेका छन । संघको नयाँ कार्यसमिति चयनको बिहिबार अधिवेशन अन्तरगत अध्यक्ष, कोषाध्यक्ष, सचिव तथा खुल्ला तर्फको सदस्य र महिला तर्फको सदस्य पदमा मतदान भएको थियो । कोषाध्यक्ष पदमा ६९२ मत सहित नविन श्रेष्ठ, सचिव पदमा ५२१ मत सहित मुक्तिप्रसाद अधिकारी निर्वाचित भएका छन । त्यस्तै खुल्ला तर्फको कार्यसमिति सदस्य पदमा दिनेश श्रेष्ठ ९३२, दिपकप्रसाद चापागाई ९६९, कृष्ण श्रेष्ठ ९५२, मोह्मद जमिल खान ८५७, सुमोदमान सैंजु ९३१, टिकाराम बञ्जाडे ९५०, त्रिबिक्रम श्रेष्ठ ८८६ मत सहित विजय भएका छ भने महिला सदस्य तर्फ जमुना पौडेल ६३४ र मीना प्रधान ६११ विजयी भएको प्रमुख निर्वाचन आयुक्त बाबुराम पाण्डेले जानकारी दिए ।

### बसको ठक्करबाट पैदलयात्रुको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-१ लम्की चोकस्थित सडकमा ना.६ ख ८८३३ नम्बरको बसको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-१ थकालीपुर बस्ने २२ वर्षीया कमला देवकोटा बुढाको मंगलबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको लालरत्न अस्पताल लम्कीमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले पक्राउ गरेको छ । साथै शव बोकी ईलाका प्रहरी कार्यालय लम्कीतर्फ लैजाने क्रममा करिब ३ सय जना स्थानीयले प्रहरी बिटमा आगजनी गर्नुका साथै ईलाका प्रहरी कार्यालयको पोष्ट र ढोकामा तोडफोड तथा प्रहरीमाथि ढुङ्गामुढा गरेका छन् । स्थितिलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले सम्झाई बुझाई गर्दा समेत उल्टै प्रहरीमाथि ढुङ्गामुढा गरेपछि आत्म सुरक्षाको लागि प्रहरीले ब्ल्याङ्क फायर समेत गरेको छ । उत्तेजित भीडलाई नियन्त्रणमा लिने क्रममा सोही ठाउँ बस्ने २ जना घाईते भएका छन् । उनीहरूलाई उपचारको लागि मेडिकल कलेज कोहलपुर पठाईएको छ ।

### चोरीपैठारीको सामान बरामद

रूपन्देही । जिल्लाको सिद्धार्थनगर नगरपालिका १ मेउडिहवास्थित सीमा ईलाकाबाट एपीएफ टोलीले करीब ४ लाख ५८ हजार रूपैयाँ बराबरको चोरीपैठारीको ईलेक्ट्रोनिक चुरोट बरामद गरेको छ । भारतबाट अवैध रूपले भन्सार छली ल्याउँदै गरेको अवस्थामा उक्त चुरोटको १ सय ९१ वटा डण्डा सशस्त्र प्रहरी बल, नेपाल नम्बर २७ गण रूपन्देहीबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद ईलेक्ट्रोनिक चुरोट भन्सार कार्यालय बेलहियामा बुझाइएको छ ।

### युवा जागरूक अभियान गठन

कपिलवस्तु । कपिलवस्तुका युवाहरूले शिवराजमा भेला गरी समाजसेवा गर्न युवा जागरूक अभियान नामक कार्यक्रम संचालन गरेका छन् । समाजिक क्षेत्रमा सक्रिय रहने जनता समाजवादी पार्टीका युवा नेता रहीश शाहको अध्यक्षतामा ५ सय १ सदस्यीय युवा जागरण समिति गठन गरिएको जनाइएको छ। युवाहरूको भेलाले रहीश शाहलाई अध्यक्षमा चयन गरेको हो । युवा जागरण अभियानले बेरोजगार युवालाई रोजगारीको व्यस्था, मजदुरहरूको हकअधिकारको पक्षमा वकालत गर्ने उद्देश्यले स्थापित गरिएको अभियानको अध्यक्षमा रहिश शाह सर्वसहमतिले नियुक्त भएका छन् ।

## कला/साहित्य

# मिस्टर एण्ड मिस थारूको फाइनल शुक्रबार

काठमाडौं । तेस्रो संस्करणको मिस्टर एण्ड मिस थारू २०२१ को फाइनल चितवनमा हुने भएको छ । शुक्रबार पूर्वी चितवनको खैरहनीस्थित डिज्नी पार्क रिसोर्टमा प्रतियोगिताको फाइनल प्रतिस्पर्धा गर्न लागिएको हो ।

वाईएसी इभेन्ट्सको सहकार्यमा जह इन्टरटेनमेन्टले यस प्रतियोगिता आयोजना गरेको हो विगतका वर्षहरूमा सभाहल भित्र फाइनल प्रतिस्पर्धा हुने भएपनि यसपटक भने पार्कको खुल्ला चौरमा आकर्षक स्टेज बनाएर गरिने छ ।

फाइनलमा प्रतियोगीहरूको तीन सिक्वेन्समा प्रतिभा प्रस्तुत गरिने छ भने कार्यक्रम अवधिमा मनोरञ्जनात्मक कार्यक्रमहरू समेत हुने वाईएसी इभेन्ट्सका इभेन्ट्स म्यानेजर जयस चौधरीले जानकारी दिए । प्रतियोगीहरूलाई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थारू समुदायको पहिरनमा समेत स्टेजमा उतारिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले नगद ५० हजार, फस्ट रनरअपले ३० हजार, सेकेण्ड रनरअपले २० हजार र विभिन्न उपहारहरू प्राप्त गर्ने छन् ।

प्रतियोगिताको फाइनलमा मिस्टर थारूतर्फ १५ जना र मिस थारूतर्फ १७ जना प्रतियोगीहरू रहेका छन् । यस यस प्रतियोगिताको पहिलो संस्करणको मिस्टर थारू चन्दन चौधरी र मिस थारू जेनिसा चौधरी भएकी थिइन् भने दोस्रो संस्करणको मिस्टर थारू रविन चौधरी र मिस थारू आकृति चौधरी भएकी थिइन् ।

# नुवाकोटमा भारतद्वारा हालै पुनर्निर्माण भएका चारवटा विद्यालयहरूको उद्घाटन

काठमाडौं । नुवाकोट जिल्लामा भारतद्वारा हालै पुनर्निर्माण भएका चारवटा विद्यालयहरूको उद्घाटन भएका छन् ।

भारतीय राजदूतावासको प्रेस, सूचना तथा संस्कृति प्रभागका प्रमुख नवीनकुमार र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नुवाकोटमा पुनर्निर्माण गरिएका चारवटा विद्यालयहरूको संयुक्तरूपमा उद्घाटन गरेका छन् । श्री कालिका, श्री पिमलटार, श्री पञ्चलिङ्गे र श्री सरस्वती माध्यमिक विद्यालय भारत सरकारको पुनर्निर्माण अनुदानअन्तर्गत निर्माण गरिएका हुन् ।

उक्त समारोहमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा), जिल्ला आयोजना कार्यान्वयन इकाई (नुवाकोट), ककनी गाउँपालिका, दुप्चेश्वर गाउँपालिका, तारकेश्वर गाउँपालिका, किस्पाङ गाउँपालिकाका प्रतिनिधि एवम् अन्य सरोकारवालाहरूको उपस्थिति थियो ।

नेपाल सरकारले निर्धारण गरेको भूकम्प प्रतिरोधी मापदण्डअनुरूप निर्माण गरिएका यी चार विद्यालयहरूको पुनर्निर्माणलागत करिब १६.७ करोड नेपाली रूपैयाँ रहेको छ ।

यी नवनिर्मित विद्यालयमा कक्षाकोठा भवन, प्रशासनिक भवन, अभ्यास भवन र छात्र तथा छात्राका लागि छुट्टाछुट्टै सरसफाई संरचनाको सुविधा रहेको छ ।

यी चार विद्यालयमा अध्ययनरत १८०० भन्दा बढी विद्यार्थीका लागि नवनिर्मित संरचनाले अझ प्रभावकारी वातावरण सिर्जना गर्नेछ ।

शिक्षाको क्षेत्रमा पुनार्निर्माणका लागि भारत सरकारले ५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता अनुरूप नेपालका आठ जिल्लामा ७१ वटा शैक्षिक संस्थाको पुनर्निर्माण भइरहेको छ । यी चार विद्यालय पनि यही परियोजनाअन्तर्गतका हुन् ।

यस परियोजनाबाट लाभान्वित हुने आठ जिल्लाहरू क्रमशः गोरखा, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, धादिङ र काठमाडौं हुन् । हालसम्म ८ वटा विद्यालय निर्माण भइसकेका छन् भने बाँकी ६२ वटा विद्यालयहरू निमार्णाधीन अवस्थामा छन् ।

कार्यक्रममा बोल्दै प्रेस, सूचना तथा संस्कृति प्रभाग प्रमुख कुमारले राष्ट्र र जनताको सुनिश्चित भविष्यका लागि शिक्षा नै सर्वोत्तम लगानी रहेको कुरामा विशेष जोड दिए । शिक्षाको क्षेत्रमा पूर्वाधार सुदृढ गर्ने नेपाल सरकारको प्रयासमा थप बल प्रदान गर्दै भारत सरकारले सन् २००३ यता सयौं शैक्षिक क्याम्पस निर्माण गरिसकेको छ ।

राष्ट्रको विकासमा योगदान पुर्‍याउन रभारत-नेपाल सम्बन्धलाई अझ मजबुत बनाउन भारत सरकारले प्रदान गर्दैआएको ३००० भन्दा बढी छात्रवृत्तिका लाभ लिन नवीन कुमारले नेपाली विद्यार्थीलाई प्रोत्साहित गरेका छन् ।

यी बाहेक स्वास्थ्य, सांस्कृतिक सम्पदा र आवासका क्षेत्रमा पुनर्निर्माण परियोजनाका लागि भारतले २०० मिलियन अमेरिकी डलर आर्थिक सहयोग प्रदान गर्ने प्रतिबद्धता पनि जनाइसकेको छ । अहिलेसम्म गोरखा र नुवाकोट जिल्लामा ४७,००० घरहरू निर्माण भइसकेका छन् बाँकी घरका निर्माण कार्य अघि बढिरहेको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र सम्बन्धित नगरपालिकाका अधिकारीहरूले लाभग्राहीहरूलाई वर्षायाम आउनु अघि नै निर्माण कार्य सम्पन्न गरिसक्न आग्रह गरेका छन् ।

२०७२ सालको विनाशकारी भूकम्पले क्षति पुर्‍याएका नेपालका ११ जिल्लाका २८ वटा सांस्कृतिक सम्पदाको पुनर्स्थापना तथा सवलीकरणर १४७ वटा स्वास्थ्य भवनको निर्माण भारतको आर्थिक सहयोगमा भइरहेको छ । पुनर्निर्माण परियोजना यथासक्य चाँडै सम्पन्न गर्न दुवै राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा दूतावास एक आपससँग सहकार्य गर्दै काम गरिरहेको छ ।

# काठमाडौं–कोलकाता फोरम हुने

कोलकाता । कोलकाता नाका हुँदै हुने बाह्य मुलुकुको व्यापार सहज र सुचारू गराउन सहयोग गर्ने उद्देश्यसहित काठमाडौं-कोलकाता (केटूके) फोरम आयोजना हुने भएको छ । नेपाल-भारत उद्योग वाणिज्य संघको पहलमा यस्तो कार्यक्रम आयोजनाको तयारी गरिएको हो । फोरम आयोजनाका सन्दर्भलाई लिएर संघले कोलकातास्थित नेपाली महावाणिज्यदूत ईश्वरराज पोखरेलसँग अन्तरक्रिया आयोजना गरेको छ । कार्यक्रम नेपाल-भारत उद्योग वाणिज्य संघको सचिवालय एस अपार्टमेण्टसमा बिहीबार भएको हो । संघका अनुसार काठमाडौं र कोलकातामा आलोपालो आयोजना गर्ने गरी केटूके फोरमको अवधारणा अगाडि बढाइएको छ । यस फोरममा सहभागी हुने कोलकातास्थित नेपाली महावाणिज्यदूतावासको कार्यालय र अन्य सरोकारवालालाई समेत आह्वान गरिएको छ ।

कार्यक्रममा संघका महासचिव आरबी रौनियारले हालको नेपाल-भारत वाणिज्य सन्धि, नेपाल-भारत पारवहन सन्धि तथा नेपाल-भारत रेल सर्भिस एग्रिमेन्ट अहिलेको विश्व व्यापारको मर्म अनुरूप मेल नखाएको भन्दै पुनर्विचार गर्न आग्रह गरे । उनले नेपाली व्यवसायीले नेपाल-भारत सीमावर्ती क्षेत्र बिहार, उत्तर प्रदेशलगायत स्थानमा समस्या भोगिरहेको भन्दै त्यसको निरूपण गर्न दिल्ली पुग्नु पर्ने बाध्यता रहेको गुनासो गरे । यी स्थानमा देखिने समस्या समाधान गर्न कोलकातास्थित नेपाली कन्सुलेट जनरलको कार्यक्षेत्र बढाएर अख्तियारी दिइनुपर्ने माग व्यवसायीले गरेका छन् । रेल मार्ग भई नेपाल भित्रिने कन्टेनरमा लगाइएको ईसीटीएस रेलमा आवश्यक नभई स्थलमार्ग भएर आउने सवारी साधनहरूमा लगाइनु पर्ने, भारतीय सीपी लाइनहरूको एकतर्फी मनोमानीको अन्त्य गरिनुपर्ने माग समेत छलफलमा उठेको छ ।

# मोरङमा बीओपी संख्या ११ पुग्यो

विराटनगर । भारतसँग सीमा जोडिएको मोरङमा सशस्त्र प्रहरीको बीओपी (बोर्डर आउट पोस्ट्) संख्या ११ पुर्‍याइएको छ । नेपाल-भारत खुला सीमा रहेका स्थानको सुरक्षा व्यवस्था मजबुत बनाउने उदेश्यले पछिल्लो पटक स्थापना गरिएका तीनवटा बीओपीको एकैसाथ आइतबार उद्घाटन गरिएको छ । मोरङको सुनवर्षी नगरपालिका-८ सिक्टी, रंगेली नगरपालिका-५ धनापट्टि र रतुवामाई नगरपालिका-३ मीर्चाडाँगी नाकामा बीओपी स्थापना गरेर सञ्चालनमा ल्याइएको हो ।

सुनवर्षी नगरपालिकाका मेयर कालीप्रसाद दास, मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौला र सशस्त्र प्रहरी बल प्रदेश १ का प्रमुख डीआईजी वंशीराज दाहालले एक कार्यक्रमका बीच संयुक्तरूपमा उद्घाटन गरेपछि बीओपी औपचारिक रूपमा सञ्चालनमा आएका छन् । विस्तारै थप गरेर जनशक्ति व्यवस्थापन गर्दै जाने गरी हाललाई सबै युनिटमा प्रहरी नायव निरीक्षक (सइ)को नेतृत्वमा टोली राखिएको सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी तीर्थ पौडेलले जानकारी दिए । उनका अनुसार भारतसँगको ६३ दशमलव ४ किलोमिटर खुला सिमा रहेको मोरङमा नयाँ थपिएकासहित बीओपी संख्या ११ पुगेको छ ।

सीमा सुरक्षा र तस्करी नियन्त्रणको मुख्य जिम्मेवारी पाएको सशस्त्र प्रहरीका बीओपी यसअघि मोरङका सीमावर्ती क्षेत्रमा आठवटा मात्रै रहेको पौडेलको भनाइ छ । अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा सुरक्षा उपस्थिति बढाउँदै लैजाने सरकारको नीति अनुरूप अहिले नयाँ बीओपी थप गरिएको जानकारी उनले दिए । पौडेलका अनुसार स्थानीय सरकारको सहयोग, संसद् विकास कोष तथा जनश्रमदानबाट नयाँ बीओपी सञ्चालनमा ल्याउन सम्भव भएको हो ।

दुई देशबीचको सीमा क्षेत्रलाई व्यवस्थित गर्न सशस्त्र प्रतिवद्ध रहेको डीआईजी दाहालले बताए । सीमाको विकास र सुरक्षालाई सहयोग पुर्‍याउने मुख्य उदेश्यले बीओपी स्थापना गरिएको जानकारी उनले दिए । 'दुई देशीय सीमा मुलुककै गौरव भएकाले त्यसलाई व्यवस्थित गर्ने महत्वपूर्ण जिम्मेवारी सशस्त्रलाई छ,' डीआईजी दाहालले भने, 'त्यही भएकाले पिलरको रेखदेख गरेर सीमाको रक्षा, नियम र कानुनको पालनालाई विशेष ध्यान दिइएको छ ।'

# काठमाडौं-वनारस-काठमाडौं उडान परीक्षण

काठमाडौं । यती एयरलाइन्सले काठमाडौं-वनारस-काठमाडौं परीक्षण उडान (प्रुभिङ फ्लाइट) सफलता पूर्वक सम्पन्न गरेको छ । दक्षिण पूर्वी एसिया र दक्षिण एसियाका मुलुकहरूमा चार्टर/नन् सेड्युल फ्लाइट गर्ने उद्देश्य कम्पनीको छ । सोही अनुरूप कम्पनीलाई अन्तर्राष्ट्रिय उडानका लागि नागरिक उड्डयन प्राधिकरणबाट गरिएको चरणबद्ध प्रक्रिया अन्तर्गत यो उडान गरिएको यती एअरलाइन्सका प्रमुख सुरक्षा अधिकृत तथा प्रवक्ता सुदर्शन बर्तौलाले बताए । परीक्षण उडानसँगै प्राधिकरणबाट यतीले अन्तर्राष्ट्रिय उडानको अनुमति प्राप्त गर्ने अन्तिम चरणमा पुगेको उनले बताए । परीक्षण उडानको प्रतिवेदनसँगै केही दिन भित्र यती एअरलाइन्सले अन्तर्राष्ट्रिय उडानको एओसी प्राप्त गर्नेछ । परीक्षण उडानमा प्राधिकरण तथा एअरलाइन्सका अफिसियलहरूको सहभागीता रहेको प्रवक्ता बर्तौलाले जानकारी दिए । नयाँ बन्ने क्षेत्रीय विमानस्थललाई नजिकका अन्तर्राष्ट्रिय गन्तव्यलाई जोड्न र धार्मिक पर्यटनलाई भित्र्याउने उद्देश्यका साथ अन्तर्राष्ट्रिय उडान गर्न लागेको उनले बताए । सन् २०२१ भित्रै दुईवटा एटीआर-७२ वायुयान थप्ने योजना बनाएको यो कम्पनीले अहिले एटीआर-७२ र जेटस्ट्रिम वायुयानमार्फत विभिन्न आन्तरिक गन्तव्यमा नियमित उडान गर्दै आएको छ ।

## आर्थिक समाचार

# जनकपुरका मर्चेन्टलाई 'क्युआर' सेवा

जनकपुरधाम । गभर्नर महाप्रसाद अधिकारीले क्विक रिस्पोन्स (क्यूआर) कोड मार्फत् हुने भुक्तानीलाई देशव्यापी अभियानको रूपमा विस्तार गगर्ने बताएका छन् । नेपाल बैंकर्स संघ प्रदेश २ को प्रादेशिक समितिले आयोजना 'डिजिटल बैंकिङ्ग' को प्रयोगलाई प्रोत्साहन कार्यक्रममा गभर्नर अधिकारीले प्रविधिले नगद रहित कारोवारलाई प्रोत्साहन गर्ने र मुलुकको आर्थिक र सामाजिक रूपान्तरणमा समेत ठूलो योगदान पुर्‍याउने बताए । उक्त कार्यक्रममका बीच प्रदेश २ को को राजधानी जनकपुरमा अवस्थित वाणिज्य बैंकहरूले ३०० भन्दा बढी मर्चेन्टहरूलाई क्यूआर कोड हस्तान्तरण समेत गरेका छन् । कार्यक्रमका प्रमुख अतिथि प्रदेश २ का सामाजिक विकास मन्त्री, नवल किशोर साहले सबैले 'डिजिटल बैंकिङ्ग' मा जोड दिनुपर्ने बताए ।

# माछापुच्छ्रे बैंकको क्युआर कोड सेवा

वीरगञ्ज । डिजिटल बैङ्किङ कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्यले माछापुच्छ्रे बैङ्क लिमिटेडले वीरगन्ज तरकारी तथा फलफूल बजारमा क्युआर कोड सेवा सञ्चालनमा ल्याएको छ । वीरगन्ज तरकारी तथा फलफूल बजार स्थित क्युआर हस्तान्तरण कार्यक्रममा नेपाल राष्ट्र बैङ्कका निर्देशक डा.राजन कृष्ण पन्त र वीरगन्ज महानगरपालिकाका मेयर विजय कुमार सरावगीले संयुक्त रूपमा क्युआर कोड सेवाको सुरूवात गरेका हुन् । उक्त क्युआर कोड सेवा सुरू भएसँगै वीरगन्ज तरकारी तथा फलफूल बजारमा तरकारी तथा फलफूल किन्नको लागि जाने उपभोक्ताले आफ्नो बैङ्कको मोबाइल बैङ्किङ एप्लिकेसन प्रयोग गरी आफूले खरिद गरेको तरकारी तथा फलफूल रकम पसल सञ्चालकलाई सिधै खातामा भुक्तानी गर्न सक्ने बैङ्कले जनाएको छ । आफूले प्रयोग गरेको बस्तु तथा सेवाको आफ्नै बैङ्क खाता मार्फत डिजिटल भुक्तानी गर्दा ग्राहकको साथै व्यापारीलाई समेत खुद्रा पैसाको झन्झट नहुने, बचत गर्ने बानीको विकास हुने, व्यापारीलाई हरेक दिन आफूले गरेको व्यापारबाट आएको पैसा जम्मा गर्न बैङ्कसम्म जानुपर्ने लगायतका थुप्रै सुविधाहरूको कारणले गर्दा क्युआर कोड सेवाको पछिल्लो समय सबै वर्ग र क्षेत्रमा आकर्षण बढ्दै गएको छ । यही कुरालाई मध्यनजर गर्दै माछापुच्छ्रे बैङ्कले पछिल्लो समय देशका धेरैजसो स्थानहरूमा आक्रामक रूपमा यो सेवा प्रदान गर्दै आइरहेको छ ।

# सोलुखुम्बुमा शाखारहित बैंकिङ्ग सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले सोलुखुम्बुको फाप्लुमा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएकोछ । यसशाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २५६ पुगेको छ । बैंकले, सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका वडा नं. ४, फाप्लुमा शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको यस शाखारहित बैंकिङ्ग सेवाको उद्घाटन सोलुदूधकुण्ड नगरपालिकाको उपमेयर कल्पना राईले गरेकी छन् । उक्त शाखारहित बैंकिङ्ग सेवाका लागि बैंकको प्रतिनिधिमा मानकुमार श्रेष्ठलाई नियुक्त गरिएको बैंकले विज्ञप्तिमार्फत् जनाएको छ । शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाले स्थानीय प्रतिनिधिमार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको ब्याज भुक्तानी गर्ने, डिस होम/सीडीएमए/युटीएल/एनटीसीको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन् । कृषि, पर्यटन तथा रेमिट्यान्स मुख्य आयस्रोत रहेको यी क्षेत्रका बासिन्दाले बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनको लागि ग्लोबल आइएमई बैंकले ती स्थानहरूमा शाखारहित बैंकिङ्ग सेवा शुरू गर्ने गरेको छ ।

# विद्यार्थीहरूलाई वित्तीय साक्षरता

काठमाडौं । प्रभु बैंक लि. ले सिन्धुपाल्चोक जिल्लास्थित तेर्षे माध्यामिक, श्री महेन्द्र माध्यामिक, श्री पाल्चोक माध्यामिकर भुमेश्वरी माध्यमिक विद्यालयमा कक्षा ७, ८ र ९ मा अध्ययनरत ४८ जना विद्यार्थीहरूले बबरमहलस्थित बैंकको प्रधान कार्यालयमा अवलोकन भ्रमण गरी बैंकिङ्ग साक्षरता/ज्ञान प्राप्त गरेका छन् । बैंकको प्रधान कार्यालय र बैंकबाट सञ्चालन/सम्पादन हुने विभिन्न क्रियाकलापहरूको अवलोकन तथा अध्ययनका लागि ४८ जनाको संख्यामा आएका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी बैंकको प्रधान कार्यालय बबरमहलअन्तर्गतका विभिन्न विभागहरूको स्थलगत अवलोकन गराइएको थियो । उक्त अवसरमा विद्यार्थीहरूले प्रमुख कार्यकारी अधिकृत समक्ष विभिन्न किसिमका बैंकिङ्ग तथा वित्तीय जिज्ञासाहरू समेत राखेका थिए । प्रभु बैंक लिमिटेडले विभिन्न सामाजिक क्रियाकलापहरूमा सहभागी हुँदै सामाजिक क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउँदै नेपालको शिक्षा क्षेत्रमा समेत आर्थिक, शैक्षिक लगायतको सहयोग उपलब्ध गराउँदै आएको छ । आगामी दिनहरूमा प्रभु बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअर्न्तगत विभिन्न वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्यक्रमहरूमा सहभागिता जनाउँदै देशका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालय तहको बैंकिङ्ग व्यावहारिक ज्ञान प्रदान गरी बैंकिङ्ग क्षेत्रमा वित्तीय साक्षरता उपलब्ध गराउने प्रतिबद्ध रहेको बैंकले जनाएको छ ।

# नन्दवंश सोसियल वेलफेयरद्वारा होलीको शुभकामना आदान-प्रदान




काठमाडौं । नन्दवंश सोसियल वेलफेयर फाउण्डेशनले काठमाडौंमा होली पर्वको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ । फाउण्डेशनले मंगलबार मधेश मिडिया हाउसमा होलीको शुभकामना आदान-प्रदान कार्यक्रम गर्नुको साथै काठमाडौंमा सञ्चालन गरिएको प्रत्येक सैलुनहरूमा दान बक्स पनि राखिने निर्णय गरेको हो ।

फाउण्डेशनका संस्थापक अध्यक्ष दिपक जंग ठाकुरको सभापतित्वमा भएको कार्यक्रममा विशिष्ट अतिथिद्वय अखिल नेपाल राष्ट्रिय नाई मजदुर संघका केन्द्रीय अध्यक्ष बब्लु सिंह र नेपाल नाई ट्रेड युनियनका केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुर रहेका थिए ।

यसैगरी, कार्यक्रममा अतिथिहरू नेपाल नाइ ट्रेड युनियनका महासचिव देवनारायण ठाकुर, नर्भिक हस्पिटलमा कार्यरत डा.रामबाबु ठाकुर, नाई ट्रेड युनियनका ललितपुर जिल्ला अध्यक्ष महादेव ठाकुर, युनियनका भक्तपुर जिल्ला अध्यक्ष जितेन्द्र ठाकुर, संघका ललितपुर जिल्ला अध्यक्ष राम सोगारत ठाकुर, रामचन्द्र ठाकुर, ब्युटिसियन शान्ता थापा लगायतले होलीको शुभकामना दिएका थिए । कार्यक्रम सञ्चालन सुमनकुमार ठाकुरले गरेका थिए । फाउण्डेशनले असहाय तथा विपन्न विद्यार्थीहरूका लागि निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गर्ने पनि कार्यक्रममा जानकारी गराइएको थियो ।

नन्दवंश समाज कल्याणकारी विद्यालय तथा कलेजको स्थापना गर्ने, इन्जिनियरीङ्ग कलेज र सीटीइभीटी तथा शिक्षण अस्पताल स्थापना गर्ने, अनाथ आश्रम तथा वृद्धा आश्रमको स्थापना गर्ने, नन्दवंशीहरू हत्या हिंसा, बलात्कार तथा अरू जघन्य अपराधमा पीडित भएको खण्डमा निजको न्यायका लागि चाहिने आवश्यक सहयोग गरी न्याय दिलाउन पहल गर्ने लगायतका उद्देश्य फाउण्डेशनको रहेको छ ।

यसैगरी, दैविक विपति बाढी, पहिरो, भूकम्प, आगलागी तथा विभिन्न संक्रामक रोगहरू आदिको समयमा सहायतका लागि सहायता केन्द्र खोल्ने तथा खोलिउको सहायता केन्द्रलाई सहयोग गर्ने, बालबालिका तथा चेलिबेटी बेचबिखन विरूद्ध जनचेतनामूलक अभियान सञ्चालन तथा उद्धारको कार्य गर्ने, बालविवाह, दाइजो प्रथा तथा रूढिवादी परम्पराविरूद्ध नाटक तथा जनचेतना अभिवृद्धि सम्बन्धित कार्यक्रमहरू आयोजना गर्ने जनाइएको छ ।

# जसपाको...

बाबुराम भट्टराई र अर्का अध्यक्ष उपेन्द्र यादव अझै पनि ओलीप्रति निकै आक्रामक देखिन्छन् । प्रतिनिधि सभा विघटन गरेपछि प्रधानमन्त्री ओलीविरूद्ध पुस ६ गतेदेखि आन्दोलन गरेको जसपा संसद पुनःथापना भएपछि ओली हटाउन कांग्रेस र माओवादी केन्द्रसँग मिल्ने प्रस्तावसहित छलफलमा जुटेको थियो । तर, दुईपार्टीसँग छलफल भइरहेको बेला सर्वोच्च अदालतले एमाले र माओवादी केन्द्रको एकता भंग भएको फैसला गरिदिएपछि परिस्थिति मात्र बदलिएको छैन जसपाका एक धारको मानसिकता नै परिवर्तन भएको छ ।

माओवादी केन्द्र छुट्टै दल बनेपछि प्रधानमन्त्री ओलीले जसपाका नेताहरूलाई बालुवाटार बोलाएर थुनामा रहेका सांसद रेशम चौधरीको रिहाईको लागि तयार देखिए । उनले त्यसका लागि आवश्यक कानूनी प्रक्रिया मिलाउन भन्दै नेताहरू सुवास नेम्वाङ, बिष्णु पौडेल र डा. राजन भट्टराई रहेको अनौपचारिक कार्यदल नै बनाए । सोही कार्यदल र जसपाका अध्यक्ष महन्थ ठाकुरसहित राजेन्द्र महतोसँगको निरन्तरको संवाद एउटा निष्कर्षमा पुग्न लागेको देखिन्छ ।

अध्यक्ष ठाकुरसहित नेताहरू लक्ष्मणलाल कर्ण, सर्बेन्द्रनाथ शुक्लाले मंगलबार पनि प्रधानमन्त्री ओलीसँग छलफल गरेका थिए । त्यो छलफलले एउटा निष्कर्षमा पुग्न सकिन्छ भन्ने आभास दुवै पक्षलाई भएको छ ।

जसपालाई फुटाएर सरकारमा लैजाने प्रयत्नमा रहेको बालुवाटार पछिल्लो समय भने एकीकृत पार्टीलाई नै सामेल गर्न सकिने आधार देखेपछि जसपासँगको सहमतिप्रति थप इच्छुक भएको हो । पछिल्लो समय जसपाका अध्यक्ष उपेन्द्र यादवलाई समेत विश्वासमा लिएर अघि बढ्न बालुवाटार प्रयासरत् रहेको देखिन्छ ।

**जसपाभित्र मतभेद**

सरकारमा जाने कि नजाने भन्ने विषयमा पार्टी भित्र तीव्र मतभेद छ। जसपाभित्र पूर्वराष्ट्रिय जनता पार्टी (राजपा) पक्षधर ओली नेतृत्वकै सरकारले माग पूरा गरेमा जानुपर्ने तयारीमा छन् तर पूर्वसमाजवादी पार्टी ओलीको विपक्षमा छन्।

संसद् विघटन, संविधानको कार्यान्वयन र संघीयता समाप्त पार्न ओली नै लागेको आरोप लगाउँदै पूर्वसमाजवादी पार्टीका नेताहरूले सार्वजनिकरूपमा ओलीलाई समर्थन गर्न नसकिने बताउँदै आएका छन् ।

पूर्वसमाजवादी समूहले नमाने पार्टी फुटाएर पनि सरकारमा जानुपर्नेसम्मको बहस पूर्वराजपा समूहभित्र चलिरहेको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको नेतृत्वमा सरकार बने पनि संविधान संशोधन हुने अवस्था नरहेको र रेशम चौधरी रिहा गर्नका लागि सम्भावना नभएको निष्कर्ष पूर्वराजपा समूहमा देखिएको छ ।

त्यसैले ओली नेतृत्वको सरकारमा सहभागी हुँदा संविधान संशोधन गर्न नसके पनि चौधरी रिहाइ, थरूहट र मधेश आन्दोलनका क्रममा लागेका मुद्दा फिर्ता गराउन सकिने भएकाले यही सरकार 'कम्फर्टेबल' हुने पूर्वराजपा समूहका नेताहरूको निष्कर्ष रहेको छ ।

# रेशम...

प्रयासले सम्भव हुने कुरा पनि होइन, त्यो पार्टीको निर्णय होला, पार्टीले गर्ने निर्णयमा म बाधक बन्ने कुराको कल्पनासमेत गर्न सकिदैन ।' उनले जथाभावी, कपोलकल्पित र भ्रामक समाचार लेखेर दुःखी नबनाइदिन आग्रह समेत गरेका छन् ।

'पार्टीको विधि पद्धति र प्रक्रियाअनुसार अध्यक्ष महन्थ ठाकुरले काम गरिरहनु नै भएको छ, मेरो दलको अन्य नेताले मप्रति देखाएको सदासयताप्रति म खुशी छु', उनले भनेका छन् । केही दिनअघि केही सञ्चारमाध्यममा प्रधानमन्त्री केपी शर्मा ओलीसँग जसपाले गरेको वार्ता प्रयासका बारेमा सांसद चौधरीले असन्तुष्टि प्रकट गरेको र ओलीसँग वार्ता नगर्न आग्रह गरेको भन्ने समाचार प्रकाशित भएको थियो । त्यसपछि जसपाका नेता राजेन्द्र महतो जेलमै गएर चौधरीलाई भेटेका थिए । त्यो समाचार आफूले भन्दै भनेको र गलत रूपमा प्रकाशित भएको भन्दै सांसद चौधरीले त्यस्तो समाचार प्रकाशन नगर्न नगराउन अनुरोधसमेत गरेका छन् । यता, चौधरीले जेलबाटै गीत लेखेका छन् । काठमाडौं डिल्लीबजार कारागार रहेका चौधरीले डटपेनले पानामा गीत लेखेका हुन् । जसको शीर्षक हो- को हो नेपाली ? जसमा उनले नेताहरूलाई मिल्न आग्रह पनि गरेका छन् ।

# रेशम...

गाउँका युवा रोजगारीमा विदेशिएपछि गीत विरलै सुनिन थालेको बताए । यादवले भने, 'होलीको पौराणिकता अब कहाँ रह्यो र दिनहुँजसो हुने झैझगडाले गर्दा न त अब होलीको रौनक छ, न त माधुर्य नै ।' अबको होली प्रेम र सद्भावको नभएर वैराग्य र वैमनस्यपूर्ण भएको छ । प्रेम र सद्भावको ठाउँमा राग र द्वेष देखापरेकाले होलीसँगै जोगिरा गीत पनि प्रभावित भएको उनको भनाइ छ ।

क्षीरेश्वरनाथ उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष ६५ वर्षीय रामजी सिंहले भने, 'अहिले बजारमा पाइने जोगिराका अश्लील संस्करणहरूले पनि परम्परागत होली गीतमाथि धावा बोलेका छन् । आधुनिकताले पुरानो परम्परा लोप हुँदै गएको छ ।' उनका अनुसार सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण रहेको होली पर्वले सबै जातजातिलाई प्रभाव पारेको छ र यसको रौनकता नै समाप्त भएर जान लागेको भान भएको छ ।

पहिले होलीमा गाइने गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो तर अहिले अश्लिल भोजपुरी गीत बढी गाउन थालिएको छ । जनकपुरधामस्थित मिथिला नाट्यकला परिषद्ले जोगिरा संरक्षणका लागि विगत केही वर्षदेखि जानकी मन्दिर प्राङ्गणमा जोगिरा प्रतियोगिताको आयोजना गर्नाका साथै हास्यव्यङ्गअन्तर्गत महामूर्ख सम्मेलनसमेतको आयोजना गर्दै आएको छ । होली पर्व आउन दुई हप्तामात्र बाँकी छ तर परापूर्वकालदेखि गाउँदै आएको होली गीत जोगिरा लोप हुँदै गएकामा बूढापाकाले यसको संरक्षणमा युवा वर्गअगाडि आउनुपर्नेमा जोड दिँदै आएका छन् ।




**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं

16-49, Madheshvani, Chait-13, 2077.pmd 8 3/26/2021, 11:06 AM